# लुम्बिनी प्रदेशको
# आर्थिक गतिविधि अध्ययन

## अर्धवार्षिक प्रतिवेदन
(आर्थिक वर्ष २०८२/८३)




**लुम्बिनी प्रदेश**

**नेपाल राष्ट्र बैंक**
**सिद्धार्थनगर कार्यालय**
**२०८३ जेठ**

## प्राक्कथन

नेपाल राष्ट्र बैंक ऐन, २०५८ ले निर्दिष्ट गरेका उद्देश्यहरु हासिल गर्न तथा नेपाल सरकारको आर्थिक सल्लाहकारको भूमिका निर्वाह गर्न नेपाल राष्ट्र बैंकले आर्थिक, वित्तीय र मौद्रिक क्षेत्रको तथ्याङ्क समावेश गरी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन नियमितरुपमा प्रकाशन गर्दै आएको छ ।

नेपाल राष्ट्र बैंकका प्रादेशिक कार्यालयहरुबाट सम्बन्धित प्रदेशको समग्र आर्थिक अवस्थाको बारेमा अध्ययन/अनुसन्धान गरी प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्ने र त्यस्तो प्रतिवेदन अर्धवार्षिक र वार्षिक गरी प्रत्येक आर्थिक वर्षमा दुई पटक प्रकाशन गर्दै आएको छ । सोही सन्दर्भमा **आर्थिक गतिविधि तथा विशेष** अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९ सहित)को अधिनमा रही नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर कार्यालयबाट आर्थिक वर्ष २०८२/८३ को प्रथम अर्धवार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ ।

प्रतिवेदन तयार गर्ने क्रममा लुम्बिनी प्रदेश अन्तर्गतका १२ वटा जिल्लाहरु रुपन्देही, कपिलवस्तु, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), पाल्पा, गुल्मी, अर्घाखाँची, दाङ, बाँके, बर्दिया, रुकुम पूर्व, रोल्पा र प्यूठानको आर्थिक सर्वेक्षणबाट प्राप्त तथ्याङ्कका आधारमा कृषि, उद्योग, सेवा, पूर्वाधार लगायतका विषयहरु समावेश गरी निर्दिष्ट ढाँचामा तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण गरी क्षेत्रगत सम्भावना र चुनौतीहरुलाई समेत प्रतिवेदनमा प्रस्तुत गरिएको छ ।

प्राथमिक तथा द्वितीयक तथ्याङ्कको प्रयोग गरी तयार पारिएको यो प्रतिवेदन तीनै तहका सरकार, निजी क्षेत्र, शोधकर्ता, विद्यार्थी लगायत अन्य सरोकारवालाहरुलाई उपयोगी हुने मैले विश्वास लिएको छु । प्रतिवेदन तयार गर्ने क्रममा आवश्यक तथ्याङ्क, सूचना र विवरण उपलब्ध गराई सहयोग गर्नुहुने लुम्बिनी प्रदेश अन्तर्गतका मन्त्रालय तथा मातहतका कार्यालयहरु, जिल्लास्थित सरकारी तथा निजी क्षेत्रका कार्यालयहरु, उद्योग, व्यापारिक प्रतिष्ठान एवम् संस्थाहरुप्रति आभार प्रकट गर्दछु ।

यो प्रतिवेदन तयार गर्न संलग्न हुनुहुने यस कार्यालयका उप-निर्देशक श्री छविलाल घिमिरे, सहायक निर्देशकहरु श्री कृष्ण प्रसाद भट्टराई, श्री मौसमी मल्ल र श्री सुवास गुप्ता र प्रधान सहायकहरु श्री दीपक गौतम, श्री प्रदिप घिमिरे र श्री सुनिल कुमार अर्याललाई धन्यवाद ज्ञापन गर्दछु । साथै, तथ्याङ्क सङ्कलन तथा समन्वयका लागि आर्थिक अनुसन्धान इकाई नेपालगञ्ज कार्यालयका उप निर्देशक श्री लब्ली श्रीवास्तव, सहायक निर्देशकद्वय श्री मामराज पथिक धोवी र श्री ममता रावत, सहायकहरु श्री सुदन भुसाल र श्री सागर अधिकारीलाई समेत धन्यवाद ज्ञापन गर्दछु ।

**रमेश आचार्य**
**निर्देशक**

# विषय-सूची


| शीर्षक | पेज नं. |
| --- | --- |
| आवरण पृष्ठ | |
| प्राक्कथन | (क) |
| विषय सूची | (ख) |
| तालिका सूची | (घ) |
| चार्ट सूची | (घ) |
| सारांश | (ङ) |
| **परिच्छेद १ अध्ययन परिचय** | |
| १.१ पृष्ठभूमि | १ |
| १.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्कसङ्कलन | १ |
| १.३ अध्ययन सीमा | २ |
| १.४ अध्ययन प्रतिवेदनको ढाँचा | २ |
| **परिच्छेद २ प्रदेशको तुलनात्मक स्थिति** | |
| २.१राष्ट्रिय अर्थतन्त्रमा लुम्बिनी प्रदेशको क्षेत्रगत हिस्सा | ३ |
| २.२अन्तरप्रदेश तुलना | ४ |
| २.३प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती | ५ |
| **परिच्छेद ३ कृषि क्षेत्र** | |
| ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र | ७ |
| ३.२ कृषि उत्पादन | ८ |
| ३.३ पशुपन्छी तथा माछा उत्पादन | १० |
| ३.४ वनजन्य उत्पादन | ११ |
| ३.५ सिँचाइ | १२ |
| ३.६ क्षेत्रगत कृषि कर्जा | १३ |
| ३.७ कृषि क्षेत्रका चुनौती र सम्भावना | १३ |
| **परिच्छेद ४ उद्योग क्षेत्र** | |
| ४.१ उद्योगको क्षमता उपयोग, उत्पादन तथा रोजगारी | १५ |
| ४.२ क्षेत्रगत औद्योगिक कर्जा | १६ |
| ४.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना | १७ |
| **परिच्छेद ५ सेवा क्षेत्र** | |
| ५.१ पर्यटन | १९ |
| ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट | १९ |
| ५.३ वित्तीय सेवा | २० |
| ५.४ सहकारी | २३ |
| ५.५ परिवर्त्य विदेशी मुद्रा खरिद/बिक्री | २४ |
| ५.६ भारतीय मुद्रा खरिद/बिक्री | २४ |
| ५.७ मनिचेन्जर तथा विदेशी मुद्रा सटही एजेन्सी | २४ |
| ५.८ सेवा क्षेत्रको चुनौती र सम्भावना | २५ |
| **परिच्छेद ६ पूर्वाधार र रोजगारी** | |
| ६.१ पूर्वाधार क्षेत्र | २६ |
| ६.२ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना | २७ |
| ६.३ रोजगारी | २८ |
| ६.४ रोजगारी क्षेत्रका चुनौती र सम्भावना | २९ |
| **परिच्छेद ७ प्रादेशिक कार्यक्रम तथा योजना** | |
| ७.१ कार्यक्रम तथा परियोजनाको कार्यान्वयन | ३० |
| ७.२ स्थानीय तहको बजेटको प्रगति अवस्था | ३१ |
| **परिच्छेद ८ आर्थिक परिदृष्य** | |
| ८.१ कृषि क्षेत्र | ३३ |

| | | |
|---|---|---|
| ८.२ | औद्योगिक क्षेत्र | ३३ |
| ८.३ | सेवा क्षेत्र | ३३ |
| ८.४ | पूर्वाधार क्षेत्र | ३४ |

## तालिका-सूची

| तालिका-सूची | पेज नं. |
| --- | --- |
| तालिका २.१: राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत योगदान | ४ |
| तालिका ३.१: कृषि उपजले ढाकेको भू-क्षेत्रको जिल्लागत हिस्सा | ८ |
| तालिका ३.२: कृषि उपज उत्पादनको जिल्लागत हिस्सा | १० |
| तालिका ३.३: पशुपन्क्षी तथा माछा उत्पादनको जिल्लागत हिस्सा | ११ |
| तलिका ३.४: कुल सिञ्चित क्षेत्रफलको अवस्था | १२ |
| तालिका ३.५: कृषि कर्जाको जिल्लागत स्थिति | १३ |
| तालिका ४.१: औद्योगिक उत्पादन | १६ |
| तालिका ४.२: क्षेत्रगत औद्योगिक कर्जा | १६ |
| तालिका ४.३: जिल्लागत औद्योगिक कर्जा तथा अवस्था | १७ |
| तालिका ५.१: पर्यटक आगमन, रोजगारी तथा होटल अकुपेन्सी दर | १९ |
| तालिका ५.२: सार्वजनिक निर्माण तथा रियलस्टेट | १९ |
| तालिका ५.३: शाखा सङ्ख्या, मोबाइल बैंकिङ, इन्टरनेट बैंकिङ र शाखारहित बैंकिङ | २० |
| तालिका ५.४: जिल्लागत निक्षेप र कर्जाको अवस्था | २१ |
| तालिका ५.५: विपन्न वर्ग कर्जा र सहुलियतपूर्ण कर्जाको जिल्लागत हिस्सा | २२ |
| तलिका ५.६: जिल्लागत सेवा क्षेत्र कर्जा | २३ |
| तालिका ५.७: सहकारी सेवा | २३ |
| तालिका ५.८: परिवर्त्य विदेशी मुद्रा खरिद/विक्री विवरण | २४ |
| तालिका ५.९: भारतीय मुद्रा खरिद/बिक्री विवरण | २४ |
| तालिका ५.१०: मनिचेञ्जर तथा विदेशी मुद्रा सटही एजेन्सीहरुको विवरण | २५ |
| तालिका ६.१: सडक पूर्वाधारको भौतिक प्रगति | २६ |
| तालिका ६.२: जिल्लागत रोजगारी | २८ |
| तालिका ६.३: जिल्लागत श्रम स्विकृतिको विवरण | २९ |
| तालिका ७.१: लुम्बिनी प्रदेश सरकारको वित्त स्थिति | ३० |
| तालिका ७.२: स्थानीय तहहरुको खर्च र राजस्वको स्थिति | ३१ |
| तालिका ७.३: स्थानीय तहहरुको एकीकृत अनुदान तथा हस्तान्तरण | ३२ |

## चार्ट-सूची

| चार्ट-सूची | पेज नं. |
| --- | --- |
| चार्ट २.१: प्रदेशको क्षेत्रगत हिस्सा | ३ |
| चार्ट २.२ :प्रदेशगत आर्थिक वृद्धिदर | ५ |
| चार्ट ३.१: खाद्य तथा अन्य बालीको भू-क्षेत्रको अवस्था | ७ |
| चार्ट ३.२: खाद्य तथा अन्य बालीको उत्पादनको अवस्था | ९ |
| चार्ट ३.३: वनजन्य उत्पादनको अवस्था | १२ |
| चार्ट ४.१: औद्योगिक क्षमता उपयोग | १५ |
| चार्ट ५.१: निक्षेप तथा कर्जाको स्थिति | २१ |

## सारांश

### समष्टिगत स्थिति

१. राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार आर्थिक वर्ष २०८२/८३ मा नेपालको आर्थिक वृद्धिदर ३.८५ प्रतिशत रहने प्रारम्भिक अनुमान छ । गत आर्थिक वर्ष २०८१/८२ मा नेपालको आर्थिक वृद्धिदर ४.४३ प्रतिशत रहने संशोधित अनुमान छ ।

२. आर्थिक वर्ष २०८२/८३ को कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय तथा सेवा क्षेत्रको योगदान क्रमशः २४.४६ प्रतिशत, १३.७३ प्रतिशत र ६१.८१ प्रतिशत रहने प्रारम्भिक अनुमान छ ।

३. आर्थिक वर्ष २०८२/८३ मा लुम्बिनी प्रदेशको आर्थिक वृद्धिदर २.८७ प्रतिशत रहने प्रारम्भिक अनुमान छ । यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः .२९.७६ प्रतिशत, १५.३२ प्रतिशत र ५४.९२ प्रतिशत रहने अनुमान छ ।

### कृषि क्षेत्र

४. आर्थिक वर्ष २०८२/८३ को पहिलो ६ महिनामा प्रमुख खाद्य बालीले ढाकेको कुल क्षेत्रफल र कुल उत्पादन गत वर्षको सोही अवधिको तुलनामा क्रमशः ३.०१ प्रतिशत र २.०६ प्रतिशतले ह्रास भएको छ । त्यसैगरी, आर्थिक वर्ष २०८२/८३ को पुस मसान्तमा फलफूल बालीले ढाकेको क्षेत्रफल २४.३६ प्रतिशतले ह्रास भएको छ भने तरकारी र मसलाले ढाकेको क्षेत्रफल क्रमशः ८.३९ प्रतिशत र ९.२० प्रतिशतले वृद्धि भएको छ ।

५. समीक्षा अवधिमा तरकारी र मसलाको उत्पादन क्रमशः १८.९४ प्रतिशत र १०.५८ प्रतिशतले वृद्धि भएको छ भने फलफूल उत्पादन २०.३९ प्रतिशतले ह्रास भएको छ ।

६. समीक्षा अवधिमा अण्डा, मासु र माछाको उत्पादन क्रमशः १२.२३ प्रतिशत, ४.०४ प्रतिशत र ३.९१ प्रतिशतले वृद्धि भएको छ भने दूधको उत्पादन ०.३५ प्रतिशतले ह्रास भएको छ ।

७. समीक्षा अवधिमा वनजन्य उत्पादनतर्फ काठ, औषधीजन्य र अन्य उत्पादन क्रमशः २४.४७ प्रतिशत, १४.०६ प्रतिशत र ५४.३७ प्रतिशतले वृद्धि भएको छ ।

८. समीक्षा अवधिसम्म यस प्रदेशको कुल खेती गरिएको क्षेत्रफलमध्ये ४५.०७ प्रतिशतमा मात्र सिँचाइ सुविधा पुगेको छ ।

९. समीक्षा अवधिमा कृषि क्षेत्रमा प्रवाहित कर्जा ३.७९ प्रतिशतले ह्रास भई रु. ५० अर्ब ४२ करोड १६ लाख भएको छ ।

### उद्योग क्षेत्र

१०. समीक्षा अवधिमा यस प्रदेशका उद्योगहरुको औसत क्षमता उपयोग ५०.४४ प्रतिशत रहेको छ । यस्तो क्षमता उपयोग गत वर्षको सोही अवधिमा ४६.५५ प्रतिशत (संशोधित) रहेको थियो ।

११. समीक्षा अवधिमा वियर, तोरीको तेल, चामल, गहुँको पिठो, चाउचाउ, मदिरा, कागज, औषधि, प्लाष्टिकका सामान, सिमेन्ट, फलामे छड र पत्ती उत्पादनमा वृद्धि भएको छ भने पशुदाना, प्लाइउड, रोजिन र बिजुलीको तार उत्पादनमा ह्रास भएको छ ।

१२. समीक्षा अवधिमा लुम्बिनी प्रदेशमा बैंक तथा वित्तीय संस्थाले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा कुल कर्जाको २३.८६ प्रतिशत अर्थात रु.१ खर्ब ४० अर्ब ७० करोड रहेको छ ।

### सेवा क्षेत्र

१३. समीक्षा अवधिमा पर्यटक आगमन सङ्ख्या १०.४५ प्रतिशत र होटलको अकुपेन्सी दर १५.७४ प्रतिशतले ह्रास भएको छ ।

१४. २०८२ पुस मसान्तमा यस प्रदेशमा क, ख, ग र घ वर्गका गरी जम्मा २१४८ वटा बैंक तथा वित्तीय संस्थाका शाखाहरुबाट सङ्कलित कुल निक्षेप र कुल कर्जा प्रवाह २०८१ पुस मसान्तको तुलनामा क्रमशः २१.४३ प्रतिशत र २.७२ प्रतिशतले वृद्धि भएको छ ।

१५. २०८२ पुस मसान्तमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाले सेवा क्षेत्रमा रु. ३ खर्ब ९८ अर्ब ५९ करोड प्रवाह गरेको छ जुन २०८१ पुस मसान्तको तुलनामा ३.७० प्रतिशतले बढी हो ।

१६. समीक्षा अवधिमा बचत तथा ऋण सहकारी संस्थाहरुको कुल पूँजी, कुल बचत र कुल कर्जा प्रवाह क्रमशः ३.१५ प्रतिशत, ६.२६ प्रतिशत र ३.४१ प्रतिशतले वृद्धि भएको छ ।

## पूर्वाधार क्षेत्र

१७. २०८२ पुस मसान्तसम्ममा नारायणघाट बुटवल सडक (पश्चिम खण्ड) योजनाको भौतिक प्रगति ७५.४५ प्रतिशत रहेको र २०८२ माघ मसान्तसम्ममा सिद्धबाबा सुरुङ मार्ग आयोजनाको भौतिक प्रगति ६४.४६ प्रतिशत भएको छ ।

१८. २०८२ पुस मसान्तसम्ममा सिक्टा सिँचाइ आयोजना र बबई सिँचाइ आयोजनाको भौतिक प्रगति क्रमशः ४५.९ प्रतिशत र ७८.७४ प्रतिशत भएको छ ।

# परिच्छेद १

# अध्ययन परिचय

## १.१ पृष्ठभूमि

नेपाल राष्ट्र बैंकले देशको बैंकिङ तथा वित्तीय क्षेत्रको नियमन, नेपाल सरकारको आर्थिक सल्लाहकार एवम् देशको आन्तरिक तथा बाह्य क्षेत्र व्यवस्थापन गर्ने भूमिकामा रहेर मौद्रिक तथा विदेशी विनिमय नीति तर्जुमा तथा कार्यान्वयनमार्फत समष्टिगत आर्थिक व्यवस्थापन गर्ने जिम्मेवारी वहन गर्दै आएको छ । बैंकले नेपाल राष्ट्र बैंक ऐन, २०५८ बमोजिमका उद्देश्यहरु हासिल गर्ने क्रममा देशको आर्थिक नीति निर्माण गर्न सहयोग पुग्ने गरी नियमित रुपमा आर्थिक गतिविधि सम्बन्धी अध्ययन एवम् प्रतिवेदन तयार गरी प्रकाशन गर्दै आएको छ । यस्तो आर्थिक गतिविधि अध्ययन प्रतिवेदन वार्षिक (साउनदेखि असार मसान्त) र अर्ध-वार्षिक (साउनदेखि पुस मसान्त) सम्म गरी एक आर्थिक वर्षमा २ पटक प्रकाशन गर्दै आएको छ ।

यसै सिलसिलामा नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर कार्यालयले लुम्बिनी प्रदेशका १२ वटा जिल्लाहरुबाट तथ्याङ्क सङ्कलन गरी आर्थिक वर्ष २०८२/८३ साउनदेखि पुस मसान्तसम्मको अर्ध-वार्षिक तथ्याङ्कको आधारमा यो प्रतिवेदन तयार गरेको छ । लुम्बिनी प्रदेशको आर्थिक गतिविधि अध्ययनका लागि आवश्यक तथ्याङ्क तथा सूचनाहरु नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर कार्यालयको कार्यक्षेत्र अन्तर्गतका ८ वटा जिल्लाहरु (नवलपरासी (ब.सु.प.), रुपन्देही, कपिलवस्तु, पाल्पा, गुल्मी, अर्घाखाँची, प्यूठान र रोल्पा) र नेपाल राष्ट्र बैंक, नेपालगञ्ज कार्यालयको कार्यक्षेत्र अन्तर्गतका ४ वटा जिल्लाहरु (बाँके, बर्दिया, दाङ र रुकुम पूर्व) गरी जम्मा १२ जिल्लाहरुबाट सङ्कलन गरी प्रतिवेदन तयार गर्ने गरिएको छ ।

## १.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क सङ्कलन

यस प्रतिवेदनमा आर्थिक वर्ष २०८२/८३ को साउनदेखि पुस मसान्तसम्ममा लुम्बिनी प्रदेशमा भएका प्रमुख आर्थिक गतिविधिहरुको विश्लेषण गरिएको छ । मुख्यगरी कृषि, उद्योग, सेवा, पूर्वाधार, रोजगारी र सरकारी वित्त लगायतका क्षेत्रहरुको स्थिति र आवधिक परिवर्तन लगायत राष्ट्रिय अर्थतन्त्रमा लुम्बिनी प्रदेशको हिस्सा एवम् आगामी परिदृष्य प्रतिवेदनमा समावेश गरिएको छ ।

१. नेपाल राष्ट्र बैंकबाट जारी भएको "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९)" अनुसार यस प्रदेशका विभिन्न मन्त्रालय तथा मातहतका निकायहरु, निर्देशनालयहरुका साथै जिल्लास्थित तोकिएका कार्यालयहरु, निजी उद्योग तथा प्रतिष्ठानहरुबाट स्थलगत तथा गैर-स्थलगत माध्यमबाट तथ्याङ्क तथा सूचनाहरु सङ्कलन गरिएको छ ।
२. सम्बन्धित जिल्लास्थित कृषि ज्ञान केन्द्रहरु, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु, जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयहरु, जिल्ला वन कार्यालयहरुबाट कृषि, पशुपालन, सिँचाइ र वनजन्य तथ्याङ्क सङ्कलन गरिएको छ ।
३. नमूना छनौटमा परेका उद्योगहरुमध्ये रुपन्देहीबाट ११, बाँकेबाट ८, नवलपरासी (ब.सु.प.)बाट ४, दाङबाट ३, बर्दियाबाट २ र कपिलवस्तुबाट १ गरी जम्मा २९ वटा उद्योगहरुबाट स्थलगत तथा विद्युतीय माध्यमबाट उद्योग सम्बन्धी तथ्याङ्क सङ्कलन गरिएको छ ।
४. खाद्य तथा अन्य बाली अन्तर्गतका धान, गहुँ, मकै, कोदो, जौं र फापरले ढाकेको क्षेत्रफल र उत्पादन, कृषि, उद्योग र सेवा क्षेत्रको जिल्लागत कर्जा, निक्षेप, शाखा सङ्ख्या, पुनरकर्जा, सहुलियतपूर्ण कर्जा, मालपोत कार्यालयको घरजग्गा रजिष्ट्रेशन सङ्ख्या र सो बापतको राजस्व रकमसँग सम्बन्धित तथ्याङ्क नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग, काठमाडौंबाट प्राप्त गरिएको छ ।
५. पर्यटनसँग सम्बन्धित तथ्याङ्क नमूना छनौटमा परेका ८ वटा होटलहरुबाट, घरजग्गा नक्शा पास तथ्याङ्क नगरपालिकाबाट सङ्कलन गरिएको छ । सहकारी क्षेत्रको स्थिति विश्लेषण गर्न यस प्रदेशका १३ वटा बचत तथा ऋण सहकारी संस्थाहरुको नमूना छनौट गरी विवरण सङ्कलन गरिएको छ । मनिचेञ्जर तथा विदेशी

मुद्रा सटही, फण्ड ट्रान्सफर, परिवर्त्य विदेशी मुद्रा तथा भारतीय मुद्रा खरिद/बिक्री सम्बन्धी विवरण नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर र नेपालगञ्ज कार्यालयबाट लिइएको छ ।

६. प्रादेशिक सरकारी वित्त सम्बन्धी विवरण प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयबाट र वैदेशिक व्यापार सम्बन्धी विवरण सम्बन्धित जिल्लाका भन्सार कार्यालयहरुबाट प्राप्त गरिएको छ ।

७. प्रदेश सरकारको कार्यक्रम तथा परियोजना, स्थानीय तहको कार्यक्रम तथा परियोजनाहरुको कार्यान्वयन सम्बन्धी विवरण लुम्बिनी प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय तथा छनौटमा परेका ५ वटा स्थानीय तहहरुबाट लिइएको छ ।

८. लुम्बिनी प्रदेशमा पूर्वाधारसँग सम्बन्धित स्थापित एवम् हालसालै घोषणा गरिएका राष्ट्रिय गौरवका आयोजना तथा केन्द्रीयस्तरका आयोजनाहरुमध्ये नमूना छनौटमा परेका ४ वटा आयोजनाहरुको भौतिक तथा वित्तीय प्रगति, आसपासका क्षेत्रमा पारेको प्रभाव र समस्या तथा चुनौतीहरु सम्बन्धी तथ्याङ्क सङ्कलन गरी अध्ययन प्रतिवेदनमा समेटिएको छ ।

९. स्थलगत सर्वेक्षणबाट प्राप्त प्राथमिक तथ्याङ्क र विभिन्न स्रोतबाट प्राप्त द्धितीयक तथ्याङ्कहरु Statistical Tools का आधारमा व्याख्यात्मक विधि (Descriptive Method) को प्रयोग गरी विश्लेषण गरिएको छ ।

## १.३ अध्ययनको सीमा

यो अध्ययन "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९)" ले तोकेको तथ्याङ्क प्रदायक निकायहरुबाट प्राप्त तथ्याङ्कमा आधारित रहेको छ ।

१. मुलुक प्रादेशिक संरचनामा गएपश्चात् तथ्याङ्क प्रदायक निकायहरुको समेत पुनरसंरचना भएकोले तथ्याङ्क संगठित तथा सु-व्यवस्थित गर्ने कार्य अझै पनि निरन्तर भइरहेकाले पूर्ण एवं अद्यावधिक तथ्याङ्क प्राप्त हुन कठिनाइ रहेको छ ।

२. यस अध्ययनमा उद्योग क्षेत्रको विश्लेषण नमूना छनौटमा परेका २९ वटा उद्योगहरुबाट र सेवा क्षेत्रको विश्लेषण ८ वटा होटल तथा १३ वटा बचत तथा ऋण सहकारी संस्थाहरुबाट प्राप्त तथ्याङ्क एवम् सूचनाहरुको आधारमा गरिएको छ ।

३. लुम्बिनी प्रदेशका ३६ वटा स्थानीय तहहरु (उप महानगरपालिका/नगरपालिका) बाट घरनक्सा पास तथा ५ वटा ठूला स्थानीय तहहरुको मात्र वित्त स्थितिको तथ्याङ्क सङ्कलन गरिएको छ ।

४. भौतिक निर्माणतर्फ, सडक तथा सिँचाइ स्थानीय निकायहरुले निर्माण गरेका आयोजनाहरूको जिल्लागत विवरण पूर्णरुपमा उपलब्ध हुन सकेको छैन । प्रस्तुत अध्ययनमा छनौटमा परेका निकायहरूबाट प्राप्त विवरणलाई आधिकारिक मानिएको छ ।

## १.४ अध्ययन प्रतिवेदनको ढाँचा

यो अध्ययन प्रतिवेदन "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९)" ले तोकेको ढाँचा बमोजिम तयार गरिएको छ । यस अध्ययनलाई ८ वटा परिच्छेदमा प्रस्तुत गरिएको छ । परिच्छेद १ मा अध्ययन परिचय, परिच्छेद २ मा प्रदेशको तुलनात्मक स्थिति, परिच्छेद ३ मा कृषि क्षेत्र, परिच्छेद ४ मा उद्योग क्षेत्र, परिच्छेद ५ मा सेवा क्षेत्र, परिच्छेद ६ मा पूर्वाधार र रोजगारी, परिच्छेद ७ मा संघीय एवम् प्रादेशिक कार्यक्रम तथा योजना र परिच्छेद ८ मा आर्थिक परिदृष्यसँग सम्बन्धित तथ्याङ्क, सूचना र विश्लेषण प्रस्तुत गरिएको छ ।

# परिच्छेद २

## प्रदेशको तुलनात्मक स्थिति

कृषि, सेवा तथा औद्योगिक क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउने लुम्बिनी प्रदेशले नेपालको कुल क्षेत्रफलको १२.१ प्रतिशत हिस्सा ओगटेको छ । यस प्रदेशमा ४ उप-महानगरपालिका, ३२ नगरपालिका र ७३ गाउँपालिका गरी कुल १ सय ९ वटा स्थानीय तहहरु रहेका छन् ।


यस परिच्छेदमा लुम्बिनी प्रदेशको भूभाग, जनसङ्ख्या, राष्ट्रिय अर्थतन्त्रमा लुम्बिनी प्रदेशको योगदान, कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत स्थिति, अन्तरप्रदेश तुलना र प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती समावेश गरिएको छ ।

### २.१ राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा

राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रकाशित गरेको विवरण अनुसार आर्थिक वर्ष २०८२/८३ मा नेपालको आर्थिक वृद्धिदर उपभोक्ताको मूल्यमा ३.८५ प्रतिशत हुने प्रारम्भिक अनुमान रहेको छ । त्यसैगरी, आर्थिक वर्ष २०८१/८२ मा नेपालको आर्थिक वृद्धिदर उपभोक्ताको मूल्यमा ४.४३ प्रतिशत हुने संशोधित अनुमान रहेको छ ।

आर्थिक वर्ष २०८२/८३ मा लुम्बिनी प्रदेशको कुल गार्हस्थ्य उत्पादन करिब रु.९ खर्ब ३६ अर्ब रहने प्रारम्भिक अनुमान छ । आर्थिक वर्ष २०८१/८२ मा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादन रु.८ खर्ब ८३ अर्ब रहने संशोधित अनुमान रहेको छ । आर्थिक वर्ष २०८२/८३ मा लुम्बिनी प्रदेशको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर उपभोक्ताको मूल्यमा २.८७ प्रतिशत पुग्ने प्रारम्भिक अनुमान छ यस्तै गरी आर्थिक वर्ष २०८१/८२ मा यस्तो वृद्धिदर ४.२७ प्रतिशत रहने संशोधित अनुमान छ । २०८२/८३ मा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा यस प्रदेशको योगदान १४.२० प्रतिशत रहने प्रारम्भिक अनुमान छ ।

**चार्ट २.१: प्रदेशको क्षेत्रगत हिस्सा (प्रतिशतमा)**




*स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय (आर्थिक वर्ष २०८२/८३)*

आर्थिक बर्ष २०८२/८३ मा लुम्बिनी प्रदेशको कुल ग्राहस्थ उत्पादनमा प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको योगदान क्रमशः ३०.२ प्रतिशत, १४.८ प्रतिशत र ५४.९ प्रतिशत हुने प्रारम्भिक अनुमान गरिएको छ । गत आर्थिक बर्ष २०८१/८२ मा यस प्रदेशको कुल ग्राहस्थ उत्पादनमा प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको योगदान क्रमशः ३०.६ प्रतिशत, १४.४ प्रतिशत र ५५.० प्रतिशत रहने संशोधित अनुमान रहेको छ ।

## २.२ अन्तरप्रदेश तुलना

राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको प्रारम्भिक तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८२/८३ मा कुल गार्हस्थ्य उत्पादन ६६ खर्ब पुग्ने प्रारम्भिक अनुमान रहेको छ । आर्थिक वर्ष २०८१/८२ मा कुल गार्हस्थ्य उत्पादन रु.६१ खर्ब ९९ अर्ब रहने संशोधित अनुमान छ । आर्थिक वर्ष २०८२/८३ मा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशले सबैभन्दा धेरै ३६.७१ प्रतिशत र कर्णाली प्रदेशले सबैभन्दा कम ४.२० प्रतिशत योगदान रहने प्रारम्भिक अनुमान रहेको छ ।

आर्थिक वर्ष २०८२/८३ मा कृषि क्षेत्रको उत्पादनमा कोशी प्रदेशको हिस्सा सबैभन्दा धेरै २१.३६ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ५.५१ प्रतिशत रहने प्रारम्भिक अनुमान रहेको छ । उद्योग क्षेत्रको उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा धेरै ३१.७४ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम २.९९ प्रतिशत रहने प्रारम्भिक अनुमान रहेको छ । यसैगरी, सेवा क्षेत्रको उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा धेरै ४५.४६ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ३.९७ प्रतिशत रहने प्रारम्भिक अनुमान रहेको छ ।

आर्थिक वर्ष २०८२/८३ को उपभोक्ताको मूल्यमा प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर तुलना गर्दा सबैभन्दा धेरै बाग्मती प्रदेशको ५.४० प्रतिशत र सबैभन्दा कम कर्णाली प्रदेशको २.९४ प्रतिशत रहने प्रारम्भिक अनुमान छ । गत आर्थिक वर्षको उपभोक्ताको मूल्यमा प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर तुलना गर्दा सबैभन्दा धेरै बाग्मती प्रदेशको ५.२९ प्रतिशत र सबैभन्दा कम कोशी प्रदेशको २.७२ प्रतिशत रहने संशोधित अनुमान रहेको छ ।


आर्थिक वर्ष २०८२/८३ मा लुम्बिनी प्रदेशमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २९.७६ प्रतिशत, १५.३२ प्रतिशत र ५४.९२ प्रतिशत हुने अनुमान रहेको छ (तालिका २.१) ।

**तालिका २.१: राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत योगदान (आ.व.२०८२/८३)**

| आर्थिक परिसूचक/प्रदेश | कोशी | मधेश | बागमती | गण्डकी | **लुम्बिनी** | कर्णाली | सुदूरपश्चिम | नेपाल |
|---|---|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्य, रु.अर्बमा) | १०४३.१२ | ८६३.३३ | २४२३.१२ | ५९२.६८ | **९३६.७२** | २७७.२५ | ४६३.८९ | ६६००.०० |
| राष्ट्रिय उत्पादनमा अंश | १५.८० | १३.०८ | ३६.७१ | ८.९८ | **१४.१९** | ४.२० | ७.०३ | १००.०० |
| आर्थिक वृद्धिदर (उपभोक्ताको मूल्यमा ) (प्रतिशत) | ३.१३ | १.३१ | ५.४० | ५.०१ | **२.८७** | २.९४ | ३.२८ | ३.८५ |
| कृषि क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | २१.३६ | १९.०४ | १७.१५ | ९.५९ | **१७.५८** | ५.५१ | ९.७८ | १००.०० |
| उद्योग क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | १९.७२ | ११.२५ | ३१.७४ | १२.०५ | **१५.३५** | २.९९ | ६.९० | १००.०० |
| सेवा क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | १२.७५ | ११.१९ | ४५.४६ | ८.०४ | **१२.६१** | ३.९७ | ५.९९ | १००.०० |
| **कुल ग्राहस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रतिशत)** | | | | | | | | |
| कृषि क्षेत्र | ३२.४७ | ३४.९७ | ११.२३ | २५.६६ | **२९.७६** | ३१.५२ | ३३.४३ | २४.०३ |
| उद्योग क्षेत्र | १७.६७ | १२.१७ | १२.२४ | १९.०० | **१५.३२** | १०.०७ | १३.९१ | १४.१६ |
| सेवा क्षेत्र | ४९.८६ | ५२.८६ | ७६.५३ | ५५.३४ | **५४.९२** | ५८.४१ | ५२.६६ | ६१.८१ |

*स्रोतःराष्ट्रिय तथ्याङ्क कार्यालय जेठ, २०८३ ।*

**चार्ट २.२: प्रदेशगत आर्थिक वृद्धिदर (प्रतिशतमा)**




*स्रोतःराष्ट्रिय तथ्याङ्क कार्यालय, जेठ २०८३*

## २.३ प्रादेशिक क्षमता, सम्भावना तथा चुनौती

### २.३.१. प्रादेशिक क्षमता र सम्भावना

- प्रदेशमा रहेका धार्मिक स्थलहरु, राष्ट्रिय निकुञ्जहरु मार्फत् आन्तरिक एवम् बाह्य पर्यटकहरुलाई आकर्षित गरेर विविध साँस्कृतिक कार्यक्रम मार्फत पर्यटकहरुको बसाई अवधि लम्ब्याउन सकेमा सेवा क्षेत्रमा व्यापक रोजगारी सिर्जना गर्न सकिने ।
- गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण रुपमा सञ्चालन भएमा यस क्षेत्रमा आउने अन्तर्राष्ट्रिय पर्यटकहरुको सङ्ख्यामा उल्लेख्य वृद्धि भई यस क्षेत्रका होटल तथा रेष्टुरेन्ट लगायतका व्यवसायहरु पूर्ण क्षमतामा सञ्चालन गर्न सकिने ।
- तराईका उर्वर-भूमि रहेका जिल्लाहरुमा व्यवसायिक कृषि खेती एवम् पहाडी तथा हिमाली क्षेत्रमा पाइने जडीबुटीहरुको प्रशोधनका लागि उद्योगहरुको स्थापना गरी निर्यात समेत गर्न सकिने ।
- यस प्रदेशमा भैरहवा, बुटवल, नेपालगञ्ज जस्ता औद्योगिक क्षेत्रहरु भएकोले उक्त क्षेत्रहरुमा थप उद्योगहरु स्थापना गरी व्यवस्थित औद्योगिकरण गर्न सकिने ।
- यस प्रदेशमा अवस्थित ठूला नदीनालाहरूको आसपासमा जलाशय निर्माण गरी सिँचाइक्षेत्रको विस्तारका साथै जल यातायात, माछापालन, जल पर्यटन/मनोरञ्जन आदिको विकास गर्दै बहुआयामिक फाइदा लिन सकिने ।

२.३.२. **प्रादेशिक चुनौती**

- यस प्रदेशमा रहेको गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल पूर्णरुपमा सञ्चालन गर्नु ।
- आन्तरिक एवम् वाह्य पर्यटकहरुलाई विभिन्न धार्मिक तथा पर्यटकीयस्थलहरुको भ्रमण गराई पर्यटकको बसाई अवधि लम्ब्याउने कार्य ।
- यस क्षेत्रमा रहेका अधिकांश युवा जनशक्ति वैदेशिक रोजगारीमा गएको सन्दर्भमा व्यवसायिक कृषि/पशुपालन तथा उद्योग क्षेत्रलाई व्यवस्थितरुपमा सञ्चालन गर्नु ।
- यस क्षेत्रमा रहेका उद्योगहरुको औसत क्षमता उपयोग करिब ५० प्रतिशत मात्र रहेकाले आधुनिकीकरण र बजारीकरण विस्तार मार्फत औसत क्षमता उपयोग वृद्धि गर्ने कार्य ।
- यस प्रदेशमा निर्माण भईरहेका राष्ट्रिय गौरव, प्रदेश गौरव लगायत कतिपय ठूला परियोजनाहरू तथा सडक सञ्जाल निर्माणको कार्य गुणस्तरीयता कायम गरी समयमै सम्पन्न गर्ने कार्य ।

# परिच्छेद ३

# कृषि क्षेत्र

आर्थिक वर्ष २०८२/८३ मा लुम्बिनी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, वन र माछापालन क्षेत्रको योगदान करिब ३० प्रतिशत रहने प्रारम्भिक अनुमान रहेको छ । यस प्रदेश अन्तर्गतका जिल्लाहरुमा खाद्यान्न, दलहन, तेलहन, तरकारी तथा फलफूल उत्पादन हुने गरेको छ । साथै, पशुपालनका लागि उपयुक्त मानिएको यस प्रदेशमा मौरीपालनको सम्भावना पनि उच्च रहेको छ । यस परिच्छेदमा लुम्बिनी प्रदेशमा कृषि उपजले ढाकेको भू-क्षेत्र तथा कृषि, पशुपन्छी, वनजन्य उत्पादन, सिँचाइ एवम् कृषि कर्जाको जिल्लागत विवरण र अवस्था उल्लेख गर्दै कृषि क्षेत्रको चुनौती तथा सम्भावनाहरुको संक्षिप्त विश्लेषण गरिएको छ ।


## ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

### खाद्य तथा अन्य बाली

लुम्बिनी प्रदेशमा समीक्षा अवधिमा खाद्य तथा अन्य बालीले ढाकेको कुल क्षेत्रफल गत वर्षको सोही अवधिको तुलनामा ३.०१ प्रतिशतले ह्रास आई ७ लाख ४६ हजार ६ सय ७४ हेक्टर कायम भएको छ । गत वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल ०.६३ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा खाद्य तथा अन्य बालीले ढाकेको कुल क्षेत्रफल मध्ये जौं, उखु, फापर, मकै, गहुँ र कोदोले ढाकेको क्षेत्रफल क्रमशः ११.१२ प्रतिशत, ४.१७ प्रतिशत,२.०७ प्रतिशत, ०.३१ प्रतिशत, ०.२५ प्रतिशत र ०.२५ प्रतिशतले वृद्धि भएको छ भने दलहन, भटमास, आलु, तेलहन र धानले ढाकेको क्षेत्रफलमा क्रमशः २०.६७ प्रतिशत, १९.५३ प्रतिशत, १८.१९ प्रतिशत, ११.०७ प्रतिशत र ०.०६ प्रतिशतले ह्रास आएको छ (चार्ट ३.१) ।

खाद्य तथा अन्य बालीको कुल क्षेत्रफलमा कपिलवस्तु जिल्लाको हिस्सा सबैभन्दा धेरै १६.५४ प्रतिशत रहेको छ भने रुकुम पूर्व जिल्लाको हिस्सा सबैभन्दा कम १.३४ प्रतिशत रहेको छ (तालिका ३.१) ।

**चार्ट ३.१ : खाद्य तथा अन्य बालीको भू-क्षेत्रको अवस्था (प्रतिशत परिवर्तन)**




*स्रोतः अध्ययनमा समेटिएका कृषि ज्ञान केन्द्रहरु/एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालयहरु*

**तरकारी :** समीक्षा अवधिमा तरकारीले ढाकेको क्षेत्रफल ८.३९ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा पनि उक्त क्षेत्रफल १.८० प्रतिशतले वृद्धि भएको थियो । तरकारीले ढाकेको क्षेत्रफलमा रुपन्देही जिल्लाको हिस्सा सबैभन्दा धेरै २२.९१ प्रतिशत र रुकुम पूर्व जिल्लाको हिस्सा सबैभन्दा कम ०.८९ प्रतिशत रहेको छ ।

**फलफूल तथा मसला :** समीक्षा अवधिमा फलफूलले ढाकेको क्षेत्रफल २४.३६ प्रतिशतले ह्रास आएको छ र मसला बालीले ढाकेको क्षेत्रफल ९.२० प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा फलफूलले ढाकेको क्षेत्रफल ५.५३ प्रतिशतले वृद्धि भएको थियो भने मसला बालीको क्षेत्रफल २.५७ प्रतिशतले ह्रास भएको थियो । फलफूलले ढाकेको क्षेत्रफलमा दाङ जिल्लाको हिस्सा सबैभन्दा धेरै १६.२४ प्रतिशत र बाँके जिल्लाको हिस्सा सबैभन्दा कम ०.८२ प्रतिशत रहेको छ । यसैगरी मसला बालीले ढाकेको क्षेत्रफलमा रोल्पा जिल्लाको हिस्सा सबैभन्दा धेरै १५.४८ प्रतिशत छ भने सबैभन्दा कम रुकुम पूर्व जिल्लाको हिस्सा सबैभन्दा कम ३.२७ प्रतिशत रहेको छ (तालिका ३.१) ।

**तालिका ३.१ : कृषि उपजले ढाकेको भू-क्षेत्रको जिल्लागत हिस्सा**

| जिल्ला | खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल (हेक्टर) | प्रतिशत | तरकारी बाली क्षेत्रफल (हेक्टर) | प्रतिशत | फलफूल क्षेत्रफल (हेक्टर) | प्रतिशत | मसला बालीको क्षेत्रफल (हेक्टर) | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| रुकुम पूर्व | ९,९९८.०० | १.३४ | ३७०.०० | ०.८९ | ५२१.०० | ३.५८ | ३५७.०० | ३.२७ |
| रोल्पा | ४२,३७२.०० | ५.६७ | १,२००.०० | २.९० | १,१०२.०० | ७.५७ | १,६८९.०० | १५.४८ |
| प्युठान | ३३,०११.०० | ४.४२ | २,३३६.०० | ५.६४ | २९३.०० | २.०१ | १,४४०.०० | १३.२० |
| गुल्मी | ३७,९७६.०० | ५.०९ | १,१३४.०० | २.७४ | ८७८.०० | ६.०४ | ५५४.०० | ५.०८ |
| अर्घाखाची | २६,०६४.०० | ३.४९ | १,१२३.०० | २.७१ | ५००.०० | ३.४४ | ७४१.०० | ६.७९ |
| पाल्पा | ३९,५५९.०० | ५.३० | ३,२८१.०० | ७.९२ | २,३३७.०० | १६.०६ | १,६६८.०० | १५.२९ |
| नवलपरासी | ४६,१५२.०० | ६.१८ | २,०५४.०० | ४.९६ | २,३१०.०० | १५.८८ | ३९५.०० | ३.६२ |
| रुपन्देही | १०९,३७५.०० | १४.६५ | ९,४९३.०० | २२.९१ | १,०७२.०० | ७.३७ | ७३८.०० | ६.७७ |
| कपिलवस्तु | १२३,५३४.०० | १६.५४ | ३,४१०.०० | ८.२३ | २,२१८.०० | १५.२५ | ७९५.०० | ७.२९ |
| दाङ | १०८,३५४.०० | १४.५१ | ७,८३७.०० | १८.९१ | २,३६२.०० | १६.२४ | १,६०७.०० | १४.७३ |
| बाँके | ६०,०४८.०० | ८.०४ | २,८८०.०० | ६.९५ | ११९.०० | ०.८२ | - | - |
| बर्दिया | ११०,२३१.०० | १४.७६ | ६,३१८.०० | १५.२५ | ८३६.०० | ५.७५ | ९२४.०० | ८.४७ |
| जम्मा | ७४६,६७४.०० | १००.०० | ४१,४३६.०० | १००.०० | १४,५४८.०० | १००.०० | १०,९०८.०० | १००.०० |

*स्रोतः अध्ययनमा समेटिएका कृषि ज्ञान केन्द्रहरु/ एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालयहरु*


## ३.२ कृषि उत्पादन

खाद्य बाली : समीक्षा अवधिमा यस प्रदेशमा खाद्य बालीको उत्पादन २.०६ प्रतिशतले ह्रास आएको छ भने गत वर्षको सोही अवधिमा यस्तो बालीको उत्पादन ०.६३ प्रतिशतले वृद्धि भएको थियो । खाद्य तथा अन्य बालीमध्ये समीक्षा अवधिमा जौ, उखु, गहुँ, फापर, कोदो र मकैको उत्पादन क्रमशः १३.७४ प्रतिशत, २.९१ प्रतिशत,

२.५ प्रतिशत,२.३४ प्रतिशत, ०.३४ प्रतिशत र ०.२५ प्रतिशतले वृद्धि भएको छ भने दलहन, तेलहन, भटमास, आलु र धानको उत्पादनमा क्रमशः ५१.८७ प्रतिशत, ३४.७० प्रतिशत, १६.७१ प्रतिशत, १२.५३ प्रतिशत र ०.४७ प्रतिशतले ह्रास आएको छ । दलहन, तेलहन र भटमासले ढाकेको क्षेत्रफलमा ह्रास आउनु र उत्पादनको पूर्ण तथ्याङ्क प्राप्त नभएको कारण उत्पादनमा समेत ह्रास आएको देखिन्छ (चार्ट ३.२) ।

**तरकारी :** समीक्षा अवधिमा तरकारीको उत्पादन १८.९४ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा तरकारी उत्पादन ३.२ प्रतिशतले ह्रास भएको थियो (चार्ट ३.२) ।

**चार्ट ३.२ : खाद्य तथा अन्य बालीको उत्पादनको अवस्था (प्रतिशत परिवर्तन)**




*स्रोत: अध्ययनमा समेटिएका कृषि ज्ञान केन्द्रहरु/ एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालयहरु*

**फलफूल तथा मसला** :समीक्षा अवधिमा फलफूलको उत्पादनमा २०.३९ प्रतिशतले ह्रास आएको छ । फलफूलमध्ये सुन्तलाको उत्पादन २.६८ प्रतिशत, आँप २८.७० प्रतिशत, केरा २२.६७ प्रतिशत, स्याउ ७.०४ प्रतिशत र अन्य फलफूलको उत्पादनमा ४२.७० प्रतिशतले ह्रास आएको छ । फलफूलले ढाकेको क्षेत्रफलमा २४.३६ प्रतिशतले ह्रास आएको कारण समग्र फलफूल उत्पादनमा पनि ह्रास आएको देखिन्छ ।

समीक्षा अवधिमा यस प्रदेशमा मसलाको उत्पादन १०.५८ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा मसला उत्पादन २८.३८ प्रतिशतले ह्रास आएको थियो । समीक्षा अवधिमा उत्पादित मसलामध्ये प्याज, लसुन र बेसारको उत्पादन क्रमशः १२६.९८ प्रतिशत, १०५.२७ प्रतिशत र ३८.१२ प्रतिशतले वृद्धि भएको छ भने अदुवा, अलैंची र अन्य मसलाको उत्पादन क्रमशः ०.९८ प्रतिशत, ८३.९३ प्रतिशत र ९८.७३ प्रतिशतले ह्रास आएको छ । प्याज र लसुनले ढाकेको क्षेत्रफलमा वृद्धि भएको कारण उत्पादनमा समेत वृद्धि आएको छ भने अलैंची र अन्य मसलाले ढाकेको क्षेत्रफल घटेको कारण उत्पादनमा पनि ह्रास आएको देखिन्छ ।

### तालिका ३.२ : कृषि उपज उत्पादनको जिल्लागत हिस्सा

| जिल्ला | खाद्य तथा अन्य बालीको उत्पादन (मे. टन) | प्रतिशत | तरकारी (मे. टन) | प्रतिशत (मे. टन) | फलफुल (मे. टन) | प्रतिशत | मसला (मे. टन) | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| रुकुम पूर्व | २७,३५७.४० | ०.९१ | ४,३५६.५० | ०.९३ | ४,२१८.०० | २.९३ | ९५५.७५ | १.३० |
| रोल्पा | ११९,८१३.०० | ३.९८ | १५,४८०.०० | ३.३२ | १२,५९१.०० | ८.७४ | १६,७०५.२० | २२.६७ |
| प्युठान | ११७,६५६.०० | ३.९१ | २५,०८५.०० | ५.३७ | ४,५४३.०० | ३.१५ | १४,४३५.५० | १९.५९ |
| गुल्मी | १३५,६७२.०० | ४.५१ | १२,२२४.०० | २.६२ | ७,०९०.८० | ४.९२ | २.४० | ०.०० |
| अर्घाखाची | ९८,८८१.१० | ३.२९ | १२,५१०.०० | २.६८ | ५,४२०.०० | ३.७६ | ३,७९६.०० | ५.१५ |
| पाल्पा | १५२,१२६.०० | ५.०६ | ३८,०८६.०० | ८.१६ | १८,३९१.२० | १२.७६ | १८,४८४.०० | २५.०८ |
| नवलपरासी | ३४४,९२५.०० | ११.४७ | ३६,२४०.०० | ७.७६ | ४८,३४८.०० | ३३.५५ | – | – |
| रुपन्देही | ४७९,२०९.०० | १५.९३ | १२४,०२८.०० | २६.५७ | ५,२१७.०० | ३.६२ | ३,९५८.०० | ५.३७ |
| कपिलवस्तु | ४९३,८०८.१० | १६.४२ | ४५,६९४.०० | ९.७९ | १८,७२०.२० | १२.९९ | १,४२३.६४ | १.९३ |
| दाङ | ३५९,४०२.०० | ११.९५ | १११,९१२.०० | २३.९७ | ९,५०२.५० | ६.५९ | ५,५३८.०० | ७.५१ |
| बाके | २४७,०५७.०० | ८.२१ | ३४,८७६.०० | ७.४७ | १,५६१.०० | १.०८ | – | – |
| बर्दिया | ४३२,२०७.०० | १४.३७ | ६,३१८.०० | १.३५ | ८,५०३.०० | ५.९० | ८,४०६.०० | ११.४१ |
| जम्मा | ३,००८,११३.६० | १००.०० | ४६६,८०९.५० | १००.०० | १४४,१०५.७० | १००.०० | ७३,७०४.४९ | १००.०० |

*स्रोतः अध्ययनमा समेटिएका कृषि ज्ञान केन्द्रहरु/ एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालयहरु*

समीक्षा अवधिमा खाद्य बाली उत्पादनमा कपिलवस्तु जिल्लाको हिस्सा सबैभन्दा धेरै १६.४२ प्रतिशत छ भने रुकुम पूर्व जिल्लाको हिस्सा सबैभन्दा कम ०.९१ प्रतिशत रहेको छ । तरकारी तथा वागवानी उत्पादनमा रुपन्देही जिल्लाको हिस्सा सबैभन्दा धेरै २६.५७ प्रतिशत छ भने रुकुम पूर्व जिल्लाको हिस्सा सबैभन्दा कम ०.९३ प्रतिशत रहेको छ । यसैगरी समीक्षा अवधिमा फलफूल उत्पादनमा नवलपरासी जिल्लाको हिस्सा सबैभन्दा धेरै ३३.५५ प्रतिशत छ भने बाँके जिल्लाको हिस्सा सबैभन्दा कम १.०८ प्रतिशत रहेको छ । सोहीसोही अवधिमा मसलाको उत्पादनमा पाल्पा जिल्लाको हिस्सा सबैभन्दा धेरै २५.०८ प्रतिशत छ भने रुकुम पूर्व जिल्लाको हिस्सा सबैभन्दा कम १.३० प्रतिशत रहेको छ ।

## ३.३ पशुपन्छी तथा माछा उत्पादन

**पशुजन्य उत्पादनः** समीक्षा अवधिमा दूध उत्पादनमा ०.३५ प्रतिशतले ह्रास आएको छ भने गत वर्षको सोही अवधिमा पनि दुध उत्पादन ७.२९ प्रतिशतले ह्रास आएको थियो । समीक्षा अवधिमा मासुको उत्पादन ४.०४ प्रतिशतले वृद्धि भएको छ भने गत वर्षको सोही अवधिमा मासुको उत्पादनमा ८.९० प्रतिशतले ह्रास आएको थियो ।

**अण्डा उत्पादन :** समीक्षा अवधिमा अण्डा उत्पादन १२.२३ प्रतिशतले वृद्धि भएको छ र गत वर्षको सोही अवधिमा पनि अण्डा उत्पादन २६.८७ प्रतिशतले वृद्धि भएको थियो ।

**माछा उत्पादन :**समीक्षा अवधिमा माछा उत्पादन ३.९१ प्रतिशतले वृद्धि भएको छ भने गत वर्षको सोही अवधिमा माछा उत्पादन ३०.५० प्रतिशतले ह्रास आएको थियो । भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, रोल्पाबाट माछा उत्पादन सम्बन्धी तथ्याङ्क प्राप्त नभएकाले समावेश गरिएको छैन ।

**तालिका ३.३: पशुपन्छी तथा माछा उत्पादनको जिल्लागत हिस्सा (प्रतिशतमा)**

| जिल्ला | दुध (हजार लिटर) | प्रतिशत | मासु (मे.टन) | प्रतिशत | अण्डा (हजार गोटा) | प्रतिशत | माछा (मे.टन) | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| रुकुम पूर्व | २,१५२.०० | ०.७७ | १३०३.५० | २.२९ | ८६७.०० | ०.८० | ०.४४ | ०.०० |
| रोल्पा | ७,९३८.०० | २.८३ | १६६३.०० | २.९३ | ९३०.०० | ०.८५ | – | – |
| प्युठान | ९,२८३.०० | ३.३१ | २५५७.८० | ४.५० | ७३५०.१५ | ६.७६ | ७.८० | ०.०८ |
| गुल्मी | २६,२५६.०० | ९.३७ | ३१९५.०० | ५.६२ | ३४४५.०० | ३.१७ | ९.५३ | ०.०९ |
| अर्घाखाची | १८,००८.५० | ६.४२ | २०१४.४४ | ३.५४ | ३८६३.०२ | ३.५५ | ३.७५ | ०.०४ |
| पाल्पा | २८,२६९.०० | १०.०८ | ५३११.०० | ९.३५ | ७३३२.४१ | ६.७४ | ४.५३ | ०.०५ |
| नवलपरासी | १३,३१०.०० | ४.७५ | २२७१.०० | ४.०० | १३१४.०० | १.२१ | ६२८.०० | ६.२५ |
| रुपन्देही | ५९,४१८.०० | २१.२० | १०४९८.०० | १८.४७ | ८३०५.०० | ७.६३ | ४६३०.०० | ४६.११ |
| कपिलवस्तु | ३०,६४२.०० | १०.९३ | ६०४५.०० | १०.६४ | ३५७५.०० | ३.२९ | २५१०.०० | २४.९९ |
| दाङ | १२००४.०० | ४.२८ | ८१४९.२० | १४.३४ | ४१०१२.०० | ३७.७० | ६०८ | ६.०५ |
| बाँके | ४२१०८ | १५.०२ | १०२७२.५० | १८.०८ | १७६००.०० | १६.१८ | २२.६२ | ०.२३ |
| बर्दिया | ३०९२७ | ११.०३ | ३५४५.०० | ६.२४ | १३२००.०० | १२.१३ | १६१७.५० | १६.११ |
| जम्मा | २८०३१५.५ | १००.०० | ५६८२५.४ | १०० | १०८७९३.५८ | १०० | १००४२.२ | १०० |


*स्रोतः अध्ययनमा समेटिएका भेटेरिनरी अस्पतालहरु/ एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालयहरु*

दूध उत्पादनको जिल्लागत अवस्था हेर्दा रुपन्देही जिल्लाको हिस्सा सबैभन्दा धेरै २१.२० प्रतिशत छ भने रुकुम पूर्व जिल्लाको हिस्सा सबैभन्दा कम ०.७७ प्रतिशत रहेको छ । मासु उत्पादनमा रुपन्देही जिल्लाको हिस्सा सबैभन्दा धेरै १८.४७ प्रतिशत रहेको छ भने रुकुम पूर्व जिल्लाको हिस्सा सबैभन्दा कम २.२९ प्रतिशत रहेको छ । अण्डा उत्पादनमा दाङ जिल्लाको हिस्सा सबैभन्दा धेरै ३७.७० प्रतिशत रहेको छ भने रुकुम पूर्व जिल्लाको हिस्सा सबैभन्दा कम ०.८० प्रतिशत रहेको छ । यसैगरी, माछा उत्पादनमा रुपन्देही जिल्लाको हिस्सा सबैभन्दा धेरै ४६.११ प्रतिशत रहेको छ भने रोल्पा जिल्लामा माछा उत्पादन शून्य रहेको छ (तालिका ३.३) ।

## ३.४ वनजन्य उत्पादन

समीक्षा अवधिमा वनजन्य उत्पादनतर्फ काठ उत्पादन गत वर्षको सोही अवधिको तुलनामा २४.४७ प्रतिशतले वृद्धि भई १२ लाख ११ हजार २ सय १३ क्यूबिक फिट पुगेको छ । दाउरा उत्पादन भने २६.६८ प्रतिशतले ह्रास आई २ हजार ६ सय ९७ चट्टा भएको छ । यस अवधिमा ढलापडा रुखबाट काठ उत्पादन भएको हुँदा काठ उत्पादन बढेतापनि दाउराको उत्पादनमा ह्रास आएको देखिन्छ । त्यसैगरी, समीक्षा अवधिमा औषधीजन्य उत्पादन १४.०६ प्रतिशतले वृद्धि भई १ हजार १ सय २८ मे.टन भएको छ भने अन्य उत्पादन समेत ५४.३७ प्रतिशत वृद्धि भई १ हजार ८ सय ३६ मे.टन भएको छ (चार्ट ३.३)।

**चार्ट ३.३: वनजन्य उत्पादनको अवस्था (प्रतिशत परिवर्तन)**




*स्रोत: अध्ययनमा समेटिएका वन कार्यालयहरु*

## ३.५ सिँचाइ

समीक्षा अवधिमा यस प्रदेशको कुल सिञ्चित क्षेत्रफल गत वर्षको सोही अवधिको तुलनामा ३.०७ प्रतिशतले वृद्धि भई २ लाख ४९ हजार ४ सय २३ हेक्टर पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल ०.३७ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा सबैभन्दा धेरै नहरबाट १ लाख ४४ हजार ६ सय १ हेक्टर र सबैभन्दा कम पोखरीबाट १ हजार ६ सय ४६ हेक्टर क्षेत्रफलमा सिँचाइ गरिएको छ ।

**तालिका ३.४: कुल सिञ्चित क्षेत्रफलको अवस्था (प्रतिशत परिवर्तन)**

| सिँचाइको प्रकार | आ.व. २०८०/८१ (साउन-पुस) | आ.व. २०८१/८२ (साउन-पुस) | आ.व. २०८२/८३ (साउन-पुस) | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| कुलो | ९०,६०५.०० | ९१,०९०.०० | ९१,४२०.४२ | ०.५४ | ०.३६ |
| नहर | १३८२८५.०० | १३८,४७३.०० | १४४,६०१.०० | ०.१४ | ४.४३ |
| पोखरी | १२६८.०० | १,३९०.०० | १,६४६.०० | ९.६२ | १८.४२ |
| बोरिङ्ग | ६०१७.०० | ६,०६७.०० | ६,६७५.०० | ०.८३ | १०.०२ |
| अन्य ...... | ४९३०.०० | ४,९७२.०० | ५,०८१.०० | ०.८५ | २.१९ |
| कुल सिँचित क्षेत्रफल | २,४१,१०५.०० | २४१,९९२.०० | २४९,४२३.४२ | ०.३७ | ३.०७ |
| कुल खेतीयोग्य क्षेत्रफल | ७६५,००५.०० | ७६५,००५.०० | ७४५,४५३.०० | - | (२.५६) |
| खेती गरिएको क्षेत्रफल | ५६९,९६०.०० | ५६१,०००.०० | ५५३,४३६.०० | (१.५७) | (१.३५) |

*स्रोत: अध्ययनमा समेटिएका सिँचाइ कार्यालयहरु*

यसैगरी, समीक्षा अवधिमा कुल खेतीयोग्य क्षेत्रफलमा २.५६ प्रतिशतले ह्रास आएको छ । समीक्षा अवधिमा कुल खेतियोग्य क्षेत्रफल ७ लाख ४५ हजार ४ सय ५३ हेक्टर मध्ये जम्मा ७४.२४ प्रतिशतमा मात्र खेती गरिएको छ । खेती गरिएको क्षेत्रफलमा पनि गत वर्षको सोही अवधिको तुलनामा १.३५ प्रतिशतले ह्रास आएको छ । यस प्रदेशमा थोपा प्रविधिबाट सिँचाइ गरिएको छैन (तालिका ३.४)।

## ३.६ क्षेत्रगत कृषि कर्जा

२०८२ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुबाट यस प्रदेशको कृषि क्षेत्रमा प्रवाह गरेको कर्जा २०८१ पुस मसान्तको तुलनामा ३.७९ प्रतिशतले ह्रास आई ५० अर्ब ४२ करोड १६ लाख पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा ४.६ प्रतिशतले वृद्धि भई ५२ अर्ब ४० करोड ९० लाख प्रवाह भएको थियो । साथै, यस प्रदेशमा प्रवाह भएको कुल कर्जामध्ये कृषि क्षेत्रमा प्रवाह भएको कर्जाको अंश ८.५५ प्रतिशत रहेको छ ।

कृषि क्षेत्रमा प्रवाह भएको कर्जामा रुपन्देही जिल्लाको अंश सबैभन्दा धेरै ४४.१० प्रतिशत तथा रुकुम पूर्व जिल्लाको अंश सबैभन्दा कम ०.३८ प्रतिशत रहेको छ । रुपन्देही जिल्लामा कृषि तथा पशुपालन फर्महरुको सङ्ख्या तुलनात्मक रुपमा अधिक हुनु र यस जिल्लामा बैंक तथा वित्तीय संस्थाको सहज पहूँच भएका कारण कर्जा प्रवाह धेरै भएको देखिन्छ (तालिका ३.५) ।

**तालिका ३.५: कृषि कर्जाको जिल्लागत स्थिति** (रु.दश लाखमा)

| जिल्ला | २०८१ पुस मसान्त | प्रतिशत परिवर्तन | २०८२ पुस मसान्त | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|
| रुकुम पूर्व | १७६.३९ | ०.३४ | १९१.३५ | ०.३८ |
| रोल्पा | ३३८.०९ | ०.६५ | ३४१.३७ | ०.६८ |
| प्युठान | ७८२.७० | १.४९ | ६०८.८३ | १.२१ |
| गुल्मी | ६६१.३८ | १.२६ | ५६८.३२ | १.१३ |
| अर्घाखाची | ४३०.५७ | ०.८२ | ३६२.९५ | ०.७२ |
| पाल्पा | १,१३३.३२ | २.१६ | १,११९.५१ | २.२२ |
| नवलपरासी | ४,३९३.३४ | ८.३८ | ४,०३६.३७ | ८.०० |
| रुपन्देही | २१,४३१.१७ | ४०.८९ | २२,२३६.३६ | ४४.१० |
| कपिलवस्तु | ५,३८२.३९ | १०.२७ | ५,०७७.३९ | १०.०७ |
| दाङ | ७,९६७.०० | १५.२० | ७,४१९.९७ | १४.७१ |
| बाके | ६,८४२.१२ | १३.०६ | ५,७९७.४५ | ११.५० |
| बर्दिया | २,८७०.५५ | ५.४८ | २,६६१.६९ | ५.२८ |
| जम्मा | ५२,४०९.०० | १००.०० | ५०,४२१.५६ | १००.०० |

*स्रोत: नेपाल राष्ट्र बैंक*

## ३.७ कृषि क्षेत्रका चुनौती र सम्भावना

### ३.७.१ चुनौती

- यस प्रदेशका पहाडी जिल्लाहरुका गाँउबस्तीहरुमा कृषि श्रमिकहरुको आपूर्ति गर्नु ।
- बाँदर लगायतका अन्य जङ्गली जनावरहरुबाट अन्नबालीको संरक्षण गर्नु ।
- परम्परागत कृषि प्रणालीलाई प्रतिस्थापन गरी आधुनिक कृषि प्रणाली मार्फत उत्पादकत्व वृद्धि गर्नु ।
- चिस्यान केन्द्रहरु सीमित हुनाले चाडै बिग्रने फलफुल, तरकारी तथा दुधजन्य उत्पादनहरुको गुणस्तर कायम राख्नु ।
- बजारमा विचौलियाहरु बढी भएकोले कृषकहरुले कृषि उत्पादनको उचित मूल्य प्राप्त गर्न नसक्नु तथा उपभोक्ताले बढी मूल्य तिर्नुपर्ने बाध्यतालाई समाधान गर्नु ।
- जलवायु परिवर्तनले खेतिबालीमा रोग किराको समस्या, सिँचाइमा समस्या, बालिचक्रमा समस्या र जैविक विविधतामा समेत ह्रास हुन थालेकोले दिगो रुपमा कृषि उत्पादन गर्नु ।

### ३.७.२ सम्भावना

- यस प्रदेशका पहाडी तथा हिमाली जिल्लामा प्रशस्त मात्रामा प्राकृतिक घाँस पाईने हुनाले पशुपालनलाई पहिलो प्राथमिकतामा राखेर स्थानीय उत्पादनमा जोड दिन सकेमा कृषि क्षेत्रमा स्वरोजगार सिर्जना गरी उल्लेख्य आम्दानी बढाउन सकिने ।
- युवा लक्षित व्यावसायिक एवम् आधुनिक/अर्गानिक कृषि कार्यक्रमहरु मार्फत बाझाँ हुन लागेका खेत तथा पाखो बारीको समेत पूर्ण उपयोग गर्न सकेमा यस प्रदेशबाट खाद्य तथा अन्य वालीहरुको निर्यात समेत गर्न सकिने ।
- यस प्रदेशका सबै जिल्लाहरुमा मोटरबाटोको पहुँच भएकाले जिल्लागत रुपमा उत्पादन क्षमता पहिचान गरी कृषि तथा पशुजन्य कार्यक्रमहरु बिस्तार गर्न सकेमा उक्त उत्पादनहरुमा प्रदेश आत्मनिर्भर भई अन्य क्षेत्रमा समेत बजार विस्तार गर्न सकिने ।

# परिच्छेद ४

# उद्योग क्षेत्र

राष्ट्रिय तथ्याङ्क कार्यालयको विवरण अनुसार आर्थिक वर्ष २०८२/८३ मा लुम्बिनी प्रदेशको कुल गार्हस्थ्य उत्पादन (उपभोक्ताको मूल्यमा) करिव रु.९ खर्ब ३७ अर्ब रहने प्रारम्भिक अनुमान रहेको छ । जसमा उद्योग क्षेत्रको योगदान १५.३२ प्रतिशत रहने प्रारम्भिक अनुमान रहेको छ ।


यस प्रदेशमा रहेको बुटवल औद्योगिक क्षेत्रमा ६९ र नेपालगञ्ज औद्योगिक क्षेत्रमा ३४ वटा उद्योगहरु मध्ये क्रमश: ६६ र ३१ वटा उद्योगहरु सञ्चालनमा रहेका छन् । त्यसैगरी, रुपन्देही जिल्लामा रहेको विशेष आर्थिक क्षेत्र (SEZ)मा हाल १३ वटा उद्योगहरु मध्ये ९ वटा सञ्चालनमा रहेका छन् भने २ वटा सञ्चालन हुने क्रममा र २ वटा बन्द रहेका छन् । (स्रोत: औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड)

## ४.१ उद्योगको क्षमता उपयोग, उत्पादन तथा रोजगारी

### क्षमता उपयोग

आर्थिक वर्ष २०८२/८३ को प्रथम अर्धवार्षिक अवधिमा नमूना छनौटमा परेका २९ उद्योगहरुको समीक्षा अवधिमा औसत क्षमता उपयोग ५०.४४ प्रतिशत रहेको छ । गत अवधिमा यस्तो क्षमता उपयोग ४६.५५ प्रतिशत (संशोधित) रहेको थियो । अध्ययनमा समेटिएका उद्योगहरुमध्ये सबैभन्दा बढी चाउचाउ उत्पादन गर्ने उद्योगले ९८.८६ प्रतिशत क्षमता उपयोग गरेका छन् (चार्ट ४.१) ।

**चार्ट ४.१: औद्योगिक क्षमता उपयोग (प्रतिशत)**




*स्रोत: अध्ययनमा समेटिएका उद्योगहरु*

### औद्योगिक उत्पादन

अध्ययनमा समेटिएका औद्योगिक उत्पादनहरुमध्ये समीक्षा अवधिमा वियर उत्पादन गत वर्षको सोही अवधिको तुलनामा ८५२.७९ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा वियर उत्पादन गर्ने उद्योगहरुको उत्पादन क्षमताको १.३९ प्रतिशत मात्र उपयोग भएकोमा समीक्षा अवधिमा १३.२४ प्रतिशत उपयोग भएकाले उत्पादनमा अत्याधिक वृद्धि भएको छ । त्यसैगरी, समीक्षा अवधिमा बिजुलीका तार र केबलको उत्पादन ४४.०४ प्रतिशतले ह्रास भएको छ (तालिका ४.१)।

**तालिका ४.१: औद्योगिक उत्पादन**

| उत्पादन | प्रतिशत परिवर्तन | उत्पादन | प्रतिशत परिवर्त | उत्पादन | प्रतिशत परिवर्तन | उत्पादन | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|---|
| बिजुलीका तार र केबल | – ४४.०४ | गहुंको पिठो | ०.७७ | चामल | १३.३५ | फलामे छड तथा पत्ति | ३६.५१ |
| रोजिन | – | तोरीको तेल | ४.२३ | सिमेण्ट | १४.४२ | **चप्पल** | ३८.८८ |
| पशुदाना | – ८.२१ | Tablet | ९.६२ | साबुन | १५.०९ | Ointment | ४०.१७ |
| Dry Syrup | – ७.८३ | मदिरा | १०.८६ | सिन्थेटिक कपडा | १५.११ | प्लाष्टिकका सामान | ८६.०७ |
| प्लाईउड | – ६.९२ | कागज (अखबारी कागज बाहेक) | ११.११ | चाउचाउ | २७.३१ | वियर | ८५२.७९ |
| Liquid | – ३.३२ | आल्मुनियम | १२.७० | Capsule | २८.३० | | |

*स्रोतः अध्ययनमा समेटिएका उद्योगहरु*

**रोजगारी**

अध्ययनमा समेटिएका २९ वटा उद्योगबाट प्राप्त तथ्याङ्क अनुसार समीक्षा अवधिमा महिला ७१९ र पुरुष ४९७५ गरी जम्मा ५६९४ जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् ।

## ४.२ क्षेत्रगत औद्योगिक कर्जा

लुम्बिनी प्रदेशका बैंक तथा वित्तीय संस्थाले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा २०८२ पुस मसान्तमा २०८१ पुस मसान्तको तुलनामा २.४४ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ४० अर्ब ७० करोड कायम भएको छ । २०८१ पुस मसान्तमा पनि यस्तो कर्जा ९.३४ प्रतिशतले वृद्धि भएको थियो । २०८२ पुस मसान्तमा यस प्रदेशमा प्रवाह भएको कुल कर्जामा औद्योगिक कर्जाको हिस्सा २३.८६ प्रतिशत रहेको छ । प्रवाहित कुल औद्योगिक कर्जामध्ये सबैभन्दा बढी कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी उद्योगमा ४१.३२ प्रतिशत रहेको छ भने सबैभन्दा कम खानी सम्बन्धी उद्योगमा ०.९१ प्रतिशत रहेको छ (तालिका ४.२) ।

**तालिका ४.२: क्षेत्रगत औद्योगिक कर्जा (रु.दश लाखमा)**

| | २०८१ पुस मसान्त | २०८२ पुस मसान्त | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|
| खानी सम्बन्धी | ८८७.८२ | १,२८६.५५ | –२३.५८ | ४४.९१ |
| कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी | ५६,३१५.४४ | ५८,१३५.१३ | १३.९९ | ३.२३ |
| गैरखाद्य वस्तु उत्पादन सम्बन्धी | ५७,२६१.७१ | ५७,९३०.२२ | ७.०८ | १.१७ |
| निर्माण | १२,०६७.३३ | १२,३९४.२२ | –३.८३ | २.७१ |
| विद्युत, ग्यास तथा पानी | १,३०६.५० | २,२२२.४४ | –०.९६ | ७०.११ |
| धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक | ९,५१२.९५ | ८,७३१.६४ | २३.३१ | –८.२१ |
| जम्मा | १३७,३५१.७५ | १४०,७००.२१ | ९.३४ | २.४४ |

*स्रोतः नेपाल राष्ट्र बैंक*

### जिल्लागत औद्योगिक कर्जा

यस प्रदेशमा प्रवाहित कुल औद्योगिक कर्जाको जिल्लागत विश्लेषण गर्दा सबैभन्दा धेरै हिस्सा रुपन्देही जिल्लाको ६२.९७ प्रतिशत रहेको छ भने सबैभन्दा कम रुकुम पूर्व जिल्लाको ०.०५ प्रतिशत रहेको छ । त्यसैगरी, बाँके, दाङ, नवलपरासी पश्चिम जिल्लाहरुमा प्रवाह भएको औद्योगिक कर्जाको हिस्सा क्रमशः १८.६३ प्रतिशत, ५.८० प्रतिशत, ५.०१ प्रतिशत रहेको छ (तालिका ४.३)।

**तालिका ४.३: जिल्लागत औद्योगिक कर्जा तथा अवस्था**

| जिल्ला | २०८१ पुस मसान्त | | २०८२ पुस मसान्त | | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| | औद्योगिक कर्जा (रु.दश लाखमा) | जिल्लागत हिस्सा (प्रतिशतमा) | औद्योगिक कर्जा (रु.दश लाखमा) | जिल्लागत हिस्सा (प्रतिशतमा) | |
| रुकुम पूर्व | ४५.८७ | ०.०३ | ६५.४१ | ०.०५ | ४२.६० |
| अर्घाखाँची | ४२२.१४ | ०.३१ | ४२९.४१ | ०.३१ | १.७२ |
| रोल्पा | ३२०.२४ | ०.२३ | ३२४.२१ | ०.२३ | १.२४ |
| प्यूठान | ३५०.४७ | ०.२६ | ३१०.१९ | ०.२२ | -११.४९ |
| गुल्मी | ५५८.४८ | ०.४१ | ५१३.२२ | ०.३६ | -८.१० |
| पाल्पा | ८१९.९९ | ०.६० | ८५०.६२ | ०.६० | ३.७४ |
| बर्दिया | १९५२.२१ | १.४२ | १,९८.८९ | १.४१ | १.७८ |
| कपिलबस्तु | ६५५१.५९ | ४.७७ | ६,२०६.७६ | ४.४१ | -५.२६ |
| दाङ | ७७६६.३६ | ५.६५ | ८,१६२.६६ | ५.८० | ५.१० |
| नवलपरासी | ६९०६.७१ | ५.०३ | ७,०४५.७८ | ५.०१ | २.०१ |
| बाँके | २५७८७.६३ | १८.७७ | २६२०६.५० | १८.६३ | १.६२ |
| रुपन्देही | ८५८७०.०६ | ६२.५२ | ८८५९८.५६ | ६२.९७ | ३.१८ |
| जम्मा | १३७३५१.७५ | १००.०० | १४०,७००.२१ | १००.०० | २.४० |

*स्रोतः नेपाल राष्ट्र बैंक*

## ४.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना

### ४.३.१ चुनौती

- पूर्वाधार निर्माणको सुस्त अवस्था, अधिकांश कच्चा पदार्थ आयात गर्नुपर्ने अवस्था, कमजोर बजार स्थिति, उधारो नउठ्ने आदि समस्याहरुको सम्बोधन गर्नु ।
- मध्य-पूर्वमा भएको युद्धका कारण पेट्रोलियम पदार्थ एवम् कच्चा पदार्थको मूल्यमा भएको अत्यधिक वृद्धिका कारण आद्यौगिक उत्पादनको लागत मूल्य समेत उच्च हुने हुँदा उद्योगहरुको उत्पादन क्षमता वृद्धि गर्नु ।
- यस प्रदेशका विभिन्न स्थानहरुमा छरिएर रहेका उद्योगहरुलाई औद्योगिक क्षेत्रमा स्थानान्तरण गरी वातावरणीय प्रदुषण व्यवस्थापन गर्नु ।

### ४.३.२ सम्भावना

- कृषि, पशुपालन, मत्स्यपालन तथा जडीबुटीको लागि यस प्रदेशको भूक्षेत्र उपयुक्त हुनुका साथै सडक सञ्जाल पनि राम्रो भएका कारण कृषिलाई उद्योगसँग जोड्दै खाद्य तथा जडीबुटी प्रशोधन उद्योगहरुको स्थापना गर्न सकिने ।
- यस प्रदेशमा पाइने चुनढुङ्गाको गुणस्तर राम्रो भएकाले यस क्षेत्रमा स्थापित सिमेन्ट उद्योगहरु पूर्ण क्षमतामा सञ्चालन गरी उत्पादित सिमेन्ट तथा क्लिंकर भारतमा समेत निर्यात गर्न सकिने ।
- यस प्रदेशमा रहेको विशेष आर्थिक क्षेत्र (SEZ) तथा अन्य औद्योगिक क्षेत्रहरुको पूर्वाधार विकास गर्न सकेमा थप उद्योगहरु स्थापना हुन सक्ने ।

- Gen-Z आन्दोलन पश्चात्को निर्वाचनबाट बनेको स्थिर सरकारले पूर्वाधार विकासलाई प्राथमिकतामा राखेमा यस क्षेत्रका न्यून क्षमतामा सञ्चालन भएका र बन्द भएका उद्योगहरु अधिक उत्पादन क्षमतामा सञ्चालन गर्न सकिने ।

# परिच्छेद ५

# सेवा क्षेत्र

## ५.१ पर्यटन

लुम्बिनी प्रदेशमा रहेका होटलहरु मध्येबाट ८ वटा नमुना होटलहरुको तथ्याङ्कका आधारमा २०८२ साउनदेखि पुस मसान्तसम्मको होटलको औसत क्षमता उपयोग ३३.९१ प्रतिशत रहेको छ । गत वर्षको सोही अवधिमा उक्त औसत क्षमता उपयोग ४०.२४ प्रतिशत रहेको थियो । त्यसैगरी, शैया/कोठा बिक्री सङ्ख्या, पर्यटक आगमन सङ्ख्या र रोजगारी गत वर्षको सोही अवधिको तुलनामा क्रमशः १६.०५ प्रतिशत, १०.४५ प्रतिशत र १.१० प्रतिशतले ह्रास आएको छ ।

**तालिका ५.१: पर्यटक आगमन, रोजगारी तथा होटल अकुपेन्सी दर**

| विवरण | आ.व. २०८०/८१ (साउन-पुस) | आ.व. २०८१/८२ (साउन-पुस) | आ.व. २०८२/८३ (साउन-पुस) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | गत अवधि | समीक्षा अवधि |
| होटल शैयाको सङ्ख्या | ५३० | ५४८ | ५४६ | ३.४० | -०.३६ |
| कोठा/शैया विक्रि सङ्ख्या | ३१०७० | ४०१३४ | ३३६९३ | २९.१७ | -१६.०५ |
| प्रत्यक्ष रोजगारी सङ्ख्या | ४५० | ४५५ | ४५० | १.११ | -१.१० |
| (क) पुरुष सङ्ख्या | ३२६ | ३२१ | ३०० | -१.५३ | -६.५४ |
| (ख) महिला सङ्ख्या | १२४ | १३४ | १५० | ८.०६ | ११.९४ |
| पर्यटक आगमन सङ्ख्या | २०४३२ | १९१०६ | १७१०९ | -६.४९ | -१०.४५ |
| भारत | १८९३७ | १७६६७ | १४९८३ | -६.७१ | -१५.१९ |
| चीन | ३६६ | ३३५ | ३२६ | -८.४७ | -२.६९ |
| तेस्रो मुलुक | ११२९ | ११०४ | १८०० | -२.२१ | ६३.०४ |
| अकुपेन्सी दर | ३२.२१ | ४०.२४ | ३३.९१ | २४.९३ | -१५.७४ |

*स्रोतः नमूना छनौटमा परेका होटलबाट प्राप्त तथ्याङ्क*

## ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट

समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन सङ्ख्या गत वर्षको सोही अवधिको तुलनामा ९.५७ प्रतिशतले ह्रास भई ४३ हजार १ सय २० भएको छ । गत वर्षको सोही अवधिमा उक्त सङ्ख्या ३.८२ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेशन बापतको राजस्व गत वर्षको सोही अवधिको तुलनामा ६७.१९ प्रतिशतले वृद्धि भई रु.२ अर्ब १६ करोड ६८ लाख ५० हजार असुली भएको छ । गत वर्षको सोही अवधिमा राजस्व २३.८१ प्रतिशतले वृद्धि भएको थियो । त्यसैगरी, समीक्षा अवधिमा घर/भवन स्थायी नक्सा पास सङ्ख्या गत वर्षको सोही अवधिको तुलनामा १४.८४ प्रतिशतले वृद्धि भई २ हजार ६ सय ९३ पुगेको छ । गत वर्षको सोही अवधिमा उक्त सङ्ख्या ३.३४ प्रतिशतले ह्रास भएको थियो (तालिका ५.२)।

**तालिका ५.२: सार्वजनिक निर्माण तथा रियलस्टेट**

| विवरण | आ.व. २०८०/८१ (साउन-पुस) | आ.व. २०८१/८२ (साउन-पुस) | आ.व. २०८२/८३ (साउन-पुस) | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| घरजग्गा रजिष्ट्रेशन सङ्ख्या | ४५९३२ | ४७६८५ | ४३१२० | ३.८२ | -९.५७ |
| घर/भवन स्थायी नक्सा पास सङ्ख्या | २४२६ | २३४५ | २६९३ | -३.३४ | १४.८४ |
| घरजग्गा रजिष्ट्रेशन राजस्व (रु. दश लाखमा) | १०४६.८१ | १२९६.०५ | २१६६.८५ | २३.८१ | ६७.१९ |

*स्रोतः मालपोत कार्यालयहरु तथा उप-महानगरपालिका/नगरपालिका कार्यालय र भूमि व्यवस्थापन तथा अभिलेख विभाग)।*

## ५.३ वित्तीय सेवा

### शाखा सङ्ख्या, मोबाईल बैंकिङ्ग, ईन्टरनेट बैंकिङ तथा शाखा रहित बैंकिङ सेवा

२०८२ पुस मसान्तसम्ममा लुम्बिनी प्रदेशका १२ जिल्लाहरुमा रहेका “क” “ख” “ग” र “घ” वर्गका बैंक तथा वित्तीय संस्थाहरुको शाखा सङ्ख्या क्रमशः ७४६, २५४, ४७ र ११०१ गरी जम्मा २१४८ वटा रहेका छन् । जसमध्ये सबैभन्दा धेरै रुपन्देही जिल्लामा ५२५ र सबैभन्दा कम रुकुम पूर्व जिल्लामा १९ शाखाहरु सञ्चालनमा रहेका छन् ।

२०८२ पुस मसान्तसम्ममा यस प्रदेशको बैंक तथा वित्तीय संस्थाहरुमा ४६ लाख ८९ हजार ६५९ मोबाईल बैंकिङ सेवा र ३ लाख ५८ हजार ५ सय ३ ईन्टरनेट बैंकिङ सेवा दर्ता रहेको छ भने वाणिज्य बैंकहरुका १५७ वटा शाखा रहित बैंकिङ सेवा सञ्चालनमा रहेका छन् । २०८२ पुस मसान्तसम्ममा कुल दर्ता भएका मोबाईल बैंकिङ सेवाको सबैभन्दा धेरै हिस्सा रुपन्देही जिल्लामा ३२.१६ प्रतिशत रहेको छ भने सबैभन्दा कम रुकुम पूर्व जिल्लामा ०.४२ प्रतिशत रहेको छ । यसैगरी २०८२ पुस मसान्तसम्ममा कुल दर्ता भएका ईन्टरनेट बैंकिङ सेवाको सबैभन्दा धेरै हिस्सा रुपन्देही जिल्लामा ४४.८७ प्रतिशत रहेको छ भने सबैभन्दा कम रुकुम पूर्व जिल्लामा ०.१२ प्रतिशत रहेको छ । त्यसैगरी, २०८२ पुस मसान्तमा वाणिज्य बैंकहरुको कुल शाखारहित बैंकिङ सेवा सङ्ख्या सबैभन्दा धेरै गुल्मी जिल्लामा ४२ वटा रहेका छन् (तालिका ५.३) ।

**तालिका ५.३ः शाखा सङ्ख्या, मोबाइल बैंकिङ, इन्टरनेट बैंकिङ, शाखारहित बैंकिङ जिल्लागत हिस्सा (प्रतिशतमा)**

| जिल्ला | शाखा सङ्ख्या | हिस्सा | मोबाईल बैंकिङ | हिस्सा | इन्टरनेट बैंकिङ | हिस्सा | शााखा रहित बैंकिङ |
|---|---|---|---|---|---|---|---|
| रुकुम पूर्व | १९ | ०.८८ | १९७७४ | ०.४२ | ४२५ | ०.१२ | ५ |
| रोल्पा | ६२ | २.८९ | ९१६१० | १.९५ | ९५९० | २.६८ | ५ |
| प्यूठान | ८० | ३.७२ | १८५३८६ | ३.९५ | ६७१७ | १.८७ | ० |
| गुल्मी | ११५ | ५.३५ | २१६६४८ | ४.६२ | ९७३६ | २.७२ | ४२ |
| अर्घाखाँची | ६९ | ३.२१ | १३५६१६ | २.८९ | ९८०६ | २.७४ | १४ |
| पाल्पा | १२५ | ५.८२ | २३०७७६ | ४.९२ | २३७३२ | ६.६२ | १५ |
| नवलपरासी | १८१ | ८.४३ | ३५२३८० | ७.५१ | २९५३४ | ८.२४ | ८ |
| रुपन्देही | ५२५ | २४.४४ | १५०८३६९ | ३२.१६ | १६०८४८ | ४४.८७ | १६ |
| कपिलवस्तु | २१८ | १०.१५ | ३८३४४१ | ८.१८ | २९३५७ | ८.१९ | ८ |
| दाङ | २९२ | १३.५९ | ६९४१३८ | १४.८० | ३६०८४ | १०.०७ | १९ |
| बाँके | २४४ | ११.३६ | ६०४२६२ | १२.८८ | ३६२८१ | १०.१२ | १७ |
| बर्दिया | २१८ | १०.१५ | २६७२५९ | ५.७० | ६३९३ | १.७८ | ८ |
| जम्मा | २१४८ | १००.०० | ४६,८९,६५९ | १००.०० | ३५८५०३ | १००.०० | १५७ |

*स्रोतः नेपाल राष्ट्र बैंक*

### कुल निक्षेप

२०८२ पुस मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाहरुले यस प्रदेशबाट सङ्कलन गरेको कुल निक्षेप रु.७ खर्ब १३ अर्ब ५७ करोड ७४ लाख पुगेको छ । जिल्लागत रुपमा सबैभन्दा बढी हिस्सा रुपन्देही जिल्लामा ४१.८६ प्रतिशत र सबैभन्दा कम रुकुम पूर्व जिल्लामा ०.३९ प्रतिशत रहेको छ । गत वर्षको सोही अवधिको तुलनामा यस वर्ष लुम्बिनी प्रदेशको कुल निक्षेप र कर्जा क्रमशः २१.४३ र २.७२ प्रतिशतले वृद्धि भएको छ (तालिका ५.४)।

**तालिका ५.४: जिल्लागत निक्षेप र कर्जाको अवस्था (रु.दश लाखमा)**

| जिल्ला | कुल निक्षेप | निक्षेप प्रतिशत | कर्जा | कर्जा प्रतिशत |
|---|---|---|---|---|
| रुकुम पूर्व | २,७७०.६० | ०.३९ | १,३८२.५९ | ०.२३ |
| रोल्पा | १०,३७३.३३ | १.४५ | ३,५३३.१८ | ०.६० |
| प्यूठान | १६,३१४.५७ | २.२९ | ६,४५०.८६ | १.०९ |
| गुल्मी | ४०,६७३.३६ | ५.७० | ६,७५३.५९ | १.१५ |
| अर्घाखाँची | २५,९९३.१४ | ३.६४ | ३,५३५.९६ | ०.६० |
| पाल्पा | ४२,६०७.५५ | ५.९७ | ११,३५०.९४ | १.९२ |
| नवलपरासी | ३८,८७६.८७ | ५.४५ | ३७,२०६.०२ | ६.३१ |
| रुपन्देही | २९८,६८८.९७ | ४१.८६ | २९७,६२६.३७ | ५०.४७ |
| कपिलवस्तु | ४८,५१५.७१ | ६.८० | ३१,०३०.२६ | ५.२६ |
| दाङ | ९०,११५.३२ | १२.६३ | ७५,२७२.६५ | १२.७६ |
| बाँके | ७६,३००.७९ | १०.६९ | ९७,५५७.४५ | १६.५४ |
| बर्दिया | २२,३४७.१९ | ३.१३ | १८,०१५.३६ | ३.०५ |
| जम्मा | ७१३,५७७.४० | १००.०० | ५८९,७१५.२३ | १००.०० |


*स्रोत: नेपाल राष्ट्र बैंक*

## कुल कर्जा

२०८२ पुस मसान्तमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाले यस प्रदेशमा प्रवाह गरेको कर्जा २०८१ पुस मसान्तको तुलनामा २.७२ प्रतिशतले वृद्धि भई रु.५ खर्ब ८९ अर्ब ७१ करोड ५२ लाख पुगेको छ । २०८१ पुस मसान्तमा कुल कर्जा अघिल्लो वर्षको तुलनामा ११.०७ प्रतिशतले वृद्धि भएको थियो । त्यसैगरी, २०८२ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाको यस प्रदेशको कर्जा/निक्षेप अनुपात ८२.६४ प्रतिशत रहेको छ ।

जिल्लाहरुको कुल कर्जाको अवस्था तुलना गर्दा समीक्षा अवधिसम्ममा सबैभन्दा धेरै हिस्सा रुपन्देही जिल्लाको ५०.४७ प्रतिशत रहेको छ भने सबैभन्दा कम रुकुम पूर्व जिल्लाको ०.२३ प्रतिशत रहेको छ । त्यसैगरी, समीक्षा अवधिसम्ममा कर्जा/निक्षेप अनुपात सबैभन्दा धेरै बाँके जिल्लामा १२७.८६ प्रतिशत रहेको छ भने सबैभन्दा कम अर्घाखाँची जिल्लामा १३.६० प्रतिशत रहेको छ । २०८२ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुका कर्जा खाताहरुको सङ्ख्या २०८१ पुस मसान्तको तुलनामा २.५६ प्रतिशतले वृद्धि भएको छ ।

**चार्ट: ५.१: निक्षेप तथा कर्जाको स्थिति (रु. खर्बमा)**




*स्रोत: नेपाल राष्ट्र बैंक*

### विपन्न वर्ग कर्जा

२०८२ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुले यस प्रदेशमा प्रवाह गरेको विपन्न वर्ग कर्जा रु.३० अर्ब ६३ करोड २३ लाख पुगेको छ । २०८२ पुस मसान्तमा यस प्रदेशको कुल कर्जामा विपन्न वर्ग कर्जाको हिस्सा ५.१९ प्रतिशत रहेको छ (तालिका ५.६)।

### सहुलियतपूर्ण कर्जा

२०८२ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुले यस प्रदेशमा प्रवाह गरेको सहुलियतपूर्ण कर्जा रु.७ अर्ब १७ करोड ६४ लाख पुगेको छ । २०८२ पुस मसान्तमा यस प्रदेशको कुल कर्जामा सहुलियतपूर्ण कर्जाको हिस्सा १.२१ प्रतिशत रहेको छ (तालिका ५.५)।

**तालिका ५.५ : विपन्न वर्ग कर्जा र सहुलियतपूर्ण कर्जाको जिल्लागत हिस्सा (प्रतिशतमा)**

| जिल्ला | विपन्न वर्ग कर्जा (रु.दश लाखमा) | जिल्लागत हिस्सा प्रतिशतमा | सहुलियतपूर्ण कर्जा (रु.दश लाखमा) | जिल्लागत हिस्सा |
|---|---|---|---|---|
| रुकुम पूर्व | १५१.८५ | ०.५० | ४.८० | ०.०७ |
| रोल्पा | ४६५.४८ | १.५२ | ५८.७३ | ०.८२ |
| प्यूठान | ७३७.०७ | २.४१ | ७७.३० | १.०८ |
| गुल्मी | ७९७.७६ | २.६० | १३६.०७ | १.९० |
| अर्घाखाँची | ४००.७९ | १.३१ | ८६.२७ | १.२० |
| पाल्पा | ९९२.२९ | ३.२४ | १८३.०५ | २.५५ |
| नवलपरासी(पश्चिम) | २,१३६.६२ | ६.९८ | ८३९.३९ | ११.७० |
| रुपन्देही | १५,९७१.४५ | ५२.१४ | २,४३२.१५ | ३३.८९ |
| कपिलवस्तु | १,७४४.४० | ५.६९ | ६०४.०१ | ८.४२ |
| दाङ | ३,२५६.७५ | १०.६३ | १,०६१.४४ | १४.७९ |
| बाँके | २,५१२.१५ | ८.२० | १,२६३.९९ | १७.६१ |
| बर्दिया | १,४६५.७१ | ४.७८ | ४२९.२५ | ५.९८ |
| जम्मा | ३०,६३२.३२ | १००.०० | ७,१७६.४५ | १००.०० |

*स्रोतः नेपाल राष्ट्र बैंक*

### सेवा क्षेत्र कर्जा

समीक्षा अवधिमा लुम्बिनी प्रदेशमा बैंक तथा वित्तीय संस्थाले सेवा क्षेत्रमा प्रवाह गरेको कर्जा ३.७० प्रतिशतले बढेर ३ खर्ब ९८ अर्ब ५९ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा १२.६६ प्रतिशतले घटेको थियो ।

सेवा क्षेत्रमा प्रवाहित कुल कर्जामध्ये उपभोग्य क्षेत्रमा सबैभन्दा बढी कर्जा अर्थात् रु. १ खर्ब ३१ अर्ब ७९ करोड प्रवाहित भएको छ भने सबैभन्दा कम कर्जा स्वास्थ्य र अन्य सामाजिक कार्य सम्बन्धी क्षेत्रमा रु.४ अर्ब ७ करोड प्रवाहित भएको छ। कुल सेवा क्षेत्र कर्जामध्ये शिक्षा क्षेत्रमा प्रवाहित कर्जा सबैभन्दा बढी ४७.६३ प्रतिशतले बृद्धि भएको छ भने वित्त, बीमा तथा अचल सम्पत्ति क्षेत्रमा सबैभन्दा धेरै ९.२९ प्रतिशतले ह्रास आएको छ। पर्यटन, उपभोग्य, स्वास्थ्य र अन्य सामाजिक कार्य, अन्य सेवा र अन्य क्षेत्रमा क्रमशः १२.८७ प्रतिशत, ९.५० प्रतिशत, ५.६२ प्रतिशत, ३.६ प्रतिशत र १.५६ प्रतिशतले वृद्धि भएको छ भने रियल स्टेट, थोक तथा खुद्रा विक्रेता र यातायात, भण्डार र संचार सेवा क्षेत्रमा क्रमशः ९.०६ प्रतिशत, ४.१७ प्रतिशत र ०.७२ प्रतिशतले ह्रास आएको छ ।

**तालिका ५.६: जिल्लागत सेवा क्षेत्र कर्जा**

| जिल्ला | रकम (रु. दश लाखमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|
| रुकुम पूर्व | १,१२५.८२ | ०.२८ |
| रोल्पा | २,८६७.५९ | ०.७२ |
| प्युठान | ५,५३१.८४ | १.३९ |
| गुल्मी | ५,६७२.०३ | १.४२ |
| अर्घाखाची | २,७४३.५८ | ०.६९ |
| पाल्पा | ९,३८०.८१ | २.३५ |
| नवलपरासी | २६,१२३.८७ | ६.५६ |
| रुपन्देही | १८६,७९१.४३ | ४६.८६ |
| कपिलवस्तु | १९,७४६.११ | ४.९५ |
| दाङ | ५९,६९०.०२ | १४.९८ |
| बाँके | ६५,५५३.५२ | १६.४५ |
| बर्दिया | १३,३६६.७७ | ३.३५ |
| जम्मा | ३९८,५९३.४१ | १०० |

*स्रोत: नेपाल राष्ट्र बैंक*

सेवा क्षेत्र अन्तर्गत प्रवाह भएको कर्जामा रुपन्देही जिल्लाको अंश सबैभन्दा बढी ४६.८६ प्रतिशत र रुकुम पूर्व जिल्लाको अंश सबैभन्दा कम (०.२८ प्रतिशत) रहेको छ (तालिका ५.६)।

## ५.४ सहकारी

यस अध्ययनमा समावेश १३ बचत तथा ऋण सहकारी संस्थाको कुल पुँजी २०८२ पुस मसान्तमा गत वर्षको सोही अवधिको तुलनामा ३.१५ प्रतिशतले वृद्धि भई रु.२ अर्ब ३६ करोड ३६ लाख पुगेको छ भने कुल बचत ६.२६ प्रतिशतले वृद्धि भई रु.१३ अर्ब ९१ करोड २८ लाख कायम भएको छ । त्यसैगरी, अध्ययनमा समेटिएका सहकारी संस्थाहरुबाट प्रवाहित कुल कर्जा २०८१ पुस मसान्तको तुलनामा ३.४१ प्रतिशतले वृद्धि भई रु.१३ अर्ब ५१ करोड ३ लाख पुगेको छ । सहकारीहरुबाट प्राप्त तथ्याङ्क अनुसार २०८१ पुस मसान्तको तुलनामा सदस्य सङ्ख्या ८.०५ प्रतिशतले वृद्धि भई १ लाख ३२ हजार ४ सय ४१ पुगेको छ भने कर्मचारी सङ्ख्यामा ३.१३ प्रतिशतले वृद्धि भएको छ (तालिका ५.७)।

**तालिका ५.७: सहकारी सेवा**

| विवरण | २०८० पुस मसान्तसम्म | २०८१ पुस मसान्तसम्म | २०८२ पुस मसान्तसम्म | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | गत अवधि | समीक्षा अवधि |
| कुल पूँजी (रु.दश लाखमा) | २,१३९.९६ | २२९१.५३ | २३६३.६३ | ७.०८ | ३.१५ |
| कुल बचत (रु.दश लाखमा) | ११६२८.८४ | १३.९२.६९ | १३९१२.८० | १२.५९ | ६.२६ |
| कुल कर्जा(रु.दश लाखमा) | १२०२१.२३ | १३०६५.०१ | १३५१०.३४ | ८.६८ | ३.४१ |
| सदस्य सङ्ख्या | ११७६८७ | १२२५७२ | १३२४४१ | ४.१५ | ८.०५ |
| कर्मचारी सङ्ख्या | ३४३ | ३५२ | ३६३ | २.६२ | ३.१३ |

*स्रोत: नमूना छनोटमा परेका बचत तथा ऋण सहकारी संस्थाहरु*

## ५.५ परिवर्त्य विदेशी मुद्रा खरिद/बिक्री

लुम्बिनी प्रदेश अन्तर्गतका नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर र नेपालगञ्ज कार्यालयले समीक्षा अवधिमा गरेको परिवर्त्य विदेशी मुद्रा खरिद गत अवधिको तुलनामा ०.८४ प्रतिशतले वृद्धि भई कुल रु. १६ करोड ८६ लाख र विक्री ७.१८ प्रतिशतले वृद्धि भई रु. ८ करोड ६ लाख भएको छ (तालिका ५.८)।

**तालिका ५.८ : परिवर्त्य विदेशी मुद्रा खरिद/विक्री विवरण (रु.करोडमा)***

| विवरण | आ.व. २०८०/८१ (साउन-पुस) | आ.व. २०८१/८२ (साउन-पुस) | आ.व. २०८२/८३ (साउन-पुस) | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| US$ | १२.४० | ८.८१ | ८.८१ | -२८.९५ | |
| Euro | २.५४ | ०.५० | १.०८ | -८०.३१ | ११६.०० |
| अन्य | ९.१३ | ७.४१ | ६.९७ | -१८.८४ | -५.९४ |
| **जम्मा खरिद** | **२४.०७** | **१६.७२** | **१६.८६** | **-३०.५४** | **०.८४** |
| US$ विक्री | २.६२ | ५.४२ | ३.६५ | १०६.८७ | -३२.६६ |
| Euro विक्री | ०.१८ | ०.५८ | २.०५ | २२२.२२ | २५३.४५ |
| अन्य बिक्रि | ०.८९ | १.५२ | २.३६ | ७०.७९ | ५५.२६ |
| **जम्मा विक्री** | **३.६९** | **७.५२** | **८.०६** | **१०३.७९** | **७.१८** |

*स्रोत : नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर र नेपालगञ्ज कार्यालय*

## ५.६ भारतीय मुद्रा खरिद/विक्री

लुम्बिनी प्रदेश अन्तर्गतका नेपाल राष्ट्र बैंकका कार्यालयहरुबाट समीक्षा अवधिमा भारतीय मुद्रा खरिद गत वर्षको सोही अवधिको तुलनामा ३.६३ प्रतिशतले वृद्धि भई कुल रु.१ करोड ७९ लाख भएको छ भने रु.१६ करोड ८४ लाख विक्री भएको छ ।

**तालिका ५.९ भारतीय मुद्रा खरिद/विक्री विवरण (रु.करोडमा)**

| विवरण | २०८०/८१ (साउन-पुस) | २०८१/८२ (साउन-पुस) | २०८२/८३ (साउन-पुस) | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| भा.रु. खरिद | ६.९२ | १.७२ | १.७९ | -७५.०८ | ३.६३ |
| भा.रु विक्री | २.४७ | २६.१० | १६.८४ | ९५५.३२ | -३५.४९ |
| तोडाचलान | - | - | ४० | - | - |

*स्रोत : नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर र नेपालगञ्ज कार्यालय*

## ५.७ मनिचेञ्जर तथा विदेशी मुद्रा सटही एजेन्सी

### इजाजतपत्रप्राप्त मनिचेञ्जर तथा विदेशी मुद्रा सटही एजेन्सी

२०८२ पुस मसान्तसम्ममा नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर र नेपालगञ्ज कार्यालयहरुबाट इजाजतपत्र प्राप्त मनिचेञ्जर तथा विदेशी मुद्रा सटही एजेन्सीहरुको सङ्ख्या ७३ पुगेको छ । विदेशी मुद्रा सटहीका लागि इजाजतपत्रप्राप्त मनिचेञ्जर तथा विदेशी मुद्रा सटही एजेन्सीहरुमध्ये सबैभन्दा धेरै रुपन्देही जिल्लामा ४८ वटा र सबैभन्दा कम पाल्पा जिल्लामा १ वटा मात्र रहेका छन् (तालिका ५.१०)।

**तालिका ५.१०: मनिचेञ्जर तथा विदेशी मुद्रा सटही एजेन्सीहरुको विवरण**

| जिल्ला | मनिचेञ्जर | होटेल/रिसोर्ट | ट्राभल एजेन्सी | ट्रेकिङ्ग | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| नवलपरासी (ब.सु.प.) | १ | ० | १ | ० | ० | २ |
| रुपन्देही | ३५ | ६ | ५ | ० | २ | ४८ |
| कपिलवस्तु | ८ | ० | ० | ० | ० | ७ |
| पाल्पा | ० | १ | ० | ० | ० | १ |
| बाँके | ९ | ३ | ० | १ | १ | १४ |
| जम्मा | ५३ | १० | ७ | १ | ३ | ७३ |

*स्रोत : नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर र नेपालगञ्ज कार्यालय*

## ५.८ सेवा क्षेत्रका चुनौती र सम्भावना

### ५.८.१ चुनौती

- यस प्रदेशका प्रमुख पर्यटकीय स्थलहरुमा आवश्यक पर्ने पर्यटकीय पूर्वाधार, सूचना तथा गुणस्तरीय सेवा मार्फत पर्यटकको बसाई अवधि लम्ब्याउनु ।
- यस क्षेत्रका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विमानस्थल, क्रिकेट रङ्गशालाहरु तथा सम्मेलन केन्द्रहरु पूर्ण क्षमतामा सञ्चालन गर्नु ।
- यस क्षेत्रमा रहेका सडकहरुको स्तरोन्नती भइरहेकाले पर्यटक आवागमनलाई सहज बनाउँदै थप पर्यटकहरुलाई यस क्षेत्रमा आकर्षित गर्नु ।
- विश्व अर्थतन्त्र नै प्रभावित हुने गरी भएको रुस-युक्रेन तथा मध्य-पूर्वी युद्धले पर्यटन क्षेत्र पनि प्रभावित भएको तथा महँगी बढेकोले सेवा व्यवसायको विस्तार गर्नु तथा निरन्तरता दिनु ।
- सहकारी संस्थाहरुको प्रभावकारी निरीक्षण तथा अनुगमन गरी सहकारीमा देखिएको समस्यालाई समयमै समाधान गरी सहकारी क्षेत्र प्रति जनताको थप विश्वसनीयता कायम गराउने कार्य ।

### ५.८.२ सम्भावना

- भैरहवास्थित गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालनमा ल्याउन सकेमा रुपन्देही, कपिलवस्तु, नवलपरासी, पाल्पा लगायत आसपासका स्थानहरुमा रहेका होटल व्यवसाय तथा अन्य सेवा क्षेत्रको विस्तार हुन सक्ने ।
- यस प्रदेश अन्तर्गत रहेका धार्मिक/सांस्कृतिक एवम् पर्यटकीय स्थलहरुको प्रचारप्रसार, नयाँ ट्रेकिङ्ग रुटको पहिचान गरी व्यवस्थित रुपमा सञ्चालन गर्न सकेमा पर्यटकहरुको आगमनमा वृद्धि भई उल्लेख्य रोजगारी सिर्जना हुन सक्ने ।
- यस प्रदेशमा निर्माण भएका क्रिकेट रङ्गशाला तथा सम्मेलन केन्द्रहरुमा राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरका खेल तथा सम्मेलनहरु आयोजना गर्न सकिने ।
- सहकारीको माध्यमबाट ठूलो मात्रामा पुँजी परिचालन हुने भएकाले सहकारीमार्फत उद्यमको विकास गरी रोजगारी सिर्जना गर्न सकिने ।

# परिच्छेद ६

# पूर्वाधार र रोजगारी

यस परिच्छेदमा लुम्बिनी प्रदेश अन्तर्गत पर्ने राष्ट्रिय गौरवका आयोजनाहरुको पृष्ठभूमि, प्रगति विवरण, आयोजनाले पारेका प्रभावहरु एवम् पूर्वाधार क्षेत्रका चुनौती तथा सम्भावनाहरु समावेश गरिएको छ । साथै, लुम्बिनी प्रदेशमा राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमको कार्यान्वयन अवस्था एवम् रोजगारीका चुनौती तथा सम्भावनाहरु समावेश गरिएको छ ।

## ६.१ पूर्वाधार क्षेत्र

२०८२ पुस मसान्तसम्मको लुम्बिनी प्रदेश सरकार, भौतिक पूर्वाधार विकास तथा वातावरण मन्त्रालयबाट प्राप्त तथ्याङ्क अनुसार उक्त अवधिमा नयाँ ट्र्याक, ग्राभेल सडक, कालोपत्रे सडक र आर.सि.सी. सडक क्रमशः ८.१३ किलोमिटर, २०.५७ किलोमिटर, ३६.८६ किलोमिटर र ७.१६ किलोमिटर सम्पन्न भएको छ भने उक्त अवधिसम्म २१ वटा मोटरेवल पुल र २ वटा झोलुङ्गे पुलको निर्माण सम्पन्न भएको छ (तालिका ६.१) ।

**तालिका ६.१ सडक पूर्वाधारको भौतिक प्रगति**

| विवरण | एकाई | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | २०८२ पुस मसान्त |
|---|---|---|---|---|---|---|---|
| नयाँ ट्र्याक | कि.मि. | ९९ | १२१ | ९१ | ९४ | १२५ | ८.१३ |
| ग्राभेल सडक | कि.मि. | २७० | २६५ | २७१ | २१० | १७६ | २०.५७ |
| कालोपत्रे सडक | कि.मि. | १९४ | २०२ | २३१ | १५० | १७६ | ३६.८६ |
| आर.सि.सी. सडक | कि.मि. | ७.९० | २०.२० | २३ | १८ | ३६.०४ | ७.१६ |
| मोटरेवल पुल | वटा | १७ | ४० | २९ | ३९ | ४० | २१ |
| झोलुङ्गे पुल | वटा | ७ | ११ | ६ | १७ | १५ | २ |

*स्रोत : भौतिक पूर्वाधार विकास मन्त्रालय, लुम्बिनी प्रदेश सरकार*

### (क) नारायणघाट बुटवल सडक योजना (पश्चिम खण्ड)

नवलपरासी (ब.सु.प.)को दाउन्नेदेखि रुपन्देही जिल्लाको बुटवलसम्म पर्ने नारायणघाट बुटवल सडक योजना (पश्चिम खण्ड)को कुल लम्बाई ४८.५३५ किलोमिटर रहेको छ । यस सडक खण्डमा बजार/बस्ती क्षेत्रमा ६ लेन ११.४४५ किलोमिटर, जंगल/ग्रामीण क्षेत्रमा २७.१९ किलोमिटर र दाउन्ने क्षेत्रमा ९.९ किलोमिटर सडक निर्माण गर्ने योजना रहेको छ । यस सडकखण्डमा ९ वटा ठूला पूलहरु, ३८ वटा साना पुलहरु तथा २५६ कल्भर्टहरुको निर्माण गर्ने योजना रहेको छ । २०७५ माघ २४ गते शुरु भएको उक्त आयोजनाको म्याद थप गरी २०८३ श्रावण ५ गतेसम्म सम्पन्न गर्ने लक्ष्य रहेको छ । शुरु लागत रु.७,८६,३४,०१,२१६/५४ (भ्याट सहित) रहेको यस योजनाको संशोधित लागत रु.८,३१,१३,३९,९५८/१८ (भ्याट सहित) रहेको छ । २०८२ पुस मसान्तसम्ममा आयोजनाको भौतिक प्रगति ७५.४५ प्रतिशत र वित्तीय प्रगति ६६.३१ प्रतिशत रहेको छ । यस योजनाले कुल ७५४ जना स्वदेशी (१३ महिला र ७४१ पुरुष) तथा २२ जना विदेशी नागरिकलाई रोजगारी प्रदान गरेको छ ।

### (ख) सिद्धबाबा सुरुङ मार्ग योजना

पाल्पा जिल्लामा अवस्थित सिद्धबाबा सुरुङ मार्ग योजनाको निर्माण कार्यका लागि Engineering Procurement and Construction (EPC) Modality मा निर्माण व्यवसायी श्री China State Construction Engineering Co. Ltd. China सँग ठेक्का सम्झौता भएको छ । यो योजनाको ठेक्का सम्झौता रकम भ्याट र पिएस सहित रु.७ अर्ब ३४ करोड २१ लाख ४ हजार ७३४ र पैसा १४ रहेको छ । यस योजना अन्तर्गत ११२६ मि. लामो सुरुङ मार्गको निर्माण तथा २,३९८ मिटर लामो सडक फराकिलो गरी सुधार गरिने ठेक्का सम्झौता

भएको छ । २०७८/११/२५ गते ठेक्का सम्झौता सम्पन्न भएको यस योजनालाई दुई फेजमा विभाजन गरिएको छ । पहिलो फेज Engineering, Procurement and Construction सम्बन्धी कार्य जम्मा १८२५ क्यालेन्डर दिन र Warrenty, Operation and Maintenance कार्य जम्मा १८२५ क्यालेन्डर दिनमा सम्पन्न गरेपश्चात् नेपाल सरकारलाई हस्तान्तरण गर्ने तथा हस्तान्तरण पश्चात् Latent Defects Liability Period १० वर्ष हुने ठेक्कामा उल्लेख गरेको छ । २०८२ माघ मसान्तसम्म यस आयोजनाको भौतिक प्रगति ६४.४६ प्रतिशत र वित्तीय प्रगति ५३.९० प्रतिशत रहेको छ । यस योजनाले २०३ जना स्वदेशी (४ महिला र १९९ पुरुष) तथा २३ जना (पुरुष) विदेशी नागरिकलाई रोजगारी प्रदान गरेको छ । नेपालमा पहिलोपटक पूर्णरुपमा नेपाल सरकारको लगानीमा निर्माण हुने यस सुरुङ मार्ग निर्माण सम्पन्न भए पश्चात बुटवल-पाल्पा सडक खण्डको यात्रा खतरा मुक्त हुनुका साथै सुरुङ मार्ग हेर्न आउने पर्यटकहरुको सङ्ख्या बढ्ने देखिन्छ जसले गर्दा बुटवल र पाल्पा जिल्लालाई Tourist hub को रुपमा स्थापित गर्न सहयोग पुग्ने देखिन्छ ।

**(ग) बबई सिँचाइ आयोजना**

बर्दिया जिल्लाको करिब ३६,००० हेक्टर कृषि योग्य क्षेत्रफलमा बाह्रै महिना सिँचाइ सुविधा पुऱ्याउने उद्देश्यका साथ निर्माणाधीन बबई सिँचाइ आयोजनाको मुख्य स्थान बारबर्दिया-१०, बर्दियामा रहेको छ । यस आयोजनाले लुम्बिनी प्रदेशको बर्दिया जिल्लाका बारबर्दिया नगरपालिका, बाँसगढी नगरपालिका, गुलरिया नगरपालिका, ठाकुरबाबा नगरपालिका, मधुवन नगरपालिका र बढैयाताल गाउँपालिकामा प्रभाव पारेको छ । आर्थिक वर्ष २०४५/४६ मा शुरु गरिएको यस आयोजना आर्थिक वर्ष २०८५/८६ मा सम्पन्न हुने लक्ष्य रहेको छ । यस आयोजनाको लागत रु.२६ अर्ब ६९ करोड ३३ लाख १८ हजार रहेको छ । शुरुदेखि २०८२ पुसमसान्तसम्म भौतिक प्रगति ७८.७४ प्रतिशत र वित्तीय प्रगति ६२.०८ प्रतिशत रहेको यस आयोजनामा कुल ५०५ जना स्वेदेशी (१४५ महिला र ३६० पुरुष) नागरिकले रोजगारी प्राप्त गरेका छन् ।

**(घ) सिक्टा सिँचाइ आयोजना**

बाँके जिल्लाको राप्ती सोनारी गाउँपालिकाको अगैयास्थित राप्ती नदीमा ३१७ मिटर ब्यारेज निर्माण गरी करिब ४२,७६६ हेक्टर क्षेत्रफल भूमिमा सिँचाइ सुविधा पुऱ्याउने उद्देश्यका साथ निर्माणाधीन रहेको छ । यो आयोजना नेपाल सरकारको आफ्नै स्रोतबाट शुरु गरिएको हो । आर्थिक वर्ष २०६२/६३ मा शुरु गरिएको यस आयोजना आर्थिक वर्ष २०८९/९० मा सम्पन्न हुने लक्ष्य रहेको छ । यस आयोजनाको लागत रु.५२ अर्ब ८९ करोड (संशोधित गुरुयोजना बमोजिम) रहेको छ । आयोजनाको २०८२ पुसमसान्तसम्म भौतिक प्रगति ४५.९ प्रतिशत र वित्तीय प्रगति २७.८४ प्रतिशत रहेको यस आयोजनामा कुल १२७ जना स्वदेशी (१३ महिला र ११४ पुरुष) नागरिकले रोजगारी प्राप्त गरेका छन् ।

## ६.२ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना

**चुनौतीः**

- आयोजनाहरु पूर्व निर्धारित समय एवम् लागतमा गुणस्तर कायम गरी सम्पन्न गर्नु ।
- प्राकृतिक प्रकोप एवम् जलवायु परिवर्तनको अनुकूलतालाई समेत ध्यानमा राखी भौतिक पूर्वाधारका संरचना निर्माण गर्नु ।
- पूर्वाधारहरुको आवश्यकता र आपूर्तिबीच तालमेल कायम गरी व्यवस्थित शहरीकरण, एकीकृत बस्ती विकास तथा स्थानान्तरण गर्नु ।

**सम्भावना:**

- गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालन एवम् निर्माणाधिन सिद्धबाबा सुरुङमार्ग, नेपालकै मुख्य सडक महेन्द्र राजमार्गको स्तरोन्नती पश्चात् यस प्रदेशमा सेवा क्षेत्रको थप विस्तार हुने सम्भावना रहेको ।
- भैरहवाको विशेष आर्थिक क्षेत्र (SEZ) र बुटवल औद्योगिक क्षेत्र, नेपालगञ्ज औद्योगिक क्षेत्रहरुमा ठूला उद्योग व्यवसायहरु सञ्चालन गर्न सकिने ।

## ६.३ रोजगारी

### ६.३.१ राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम

लुम्बिनी प्रदेशमा आर्थिक वर्ष २०८२/८३ को अर्ध-वार्षिक (साउन-पुस) अवधिसम्ममा कुल ७९,२२१ जना सूचीकृत बेरोजगार रहेका छन् । जसमध्ये महिला ५३ हजार ८ सय २८ जना र पुरुष २५ हजार ३ सय ९० जना रहेका छन् । यस वर्षमा ३९ आयोजनाहरु सञ्चालनमा रहेका छन् । जिल्लागत रुपमा विश्लेषण गर्दा समीक्षा वर्षमा सूचीकृत बेरोजगार युवाहरुको सङ्ख्या सबैभन्दा बढी बर्दिया जिल्लामा १७ हजार ६ सय ४३ जना रहेको छ भने सबैभन्दा कम नवलपरासी (ब.सु.प.) जिल्लामा १ हजार ६ सय ७९ जना रहेको छ (तालिका ६.२) ।

**तालिका ६.२: : जिल्लागत रोजगारी (आ.व. २०८२/८३ साउन - पुस)**

| जिल्ला | सूचिकृत बेरोजगार सङ्ख्या | | | | आयोजना सङ्ख्या |
|---|---|---|---|---|---|
| | महिला | पुरुष | अन्य | जम्मा | |
| रुकुम पूर्व | १९१५ | १५३४ | ० | ३४४९ | ० |
| रोल्पा | ७२०० | ३३३६ | ० | १०५३६ | ० |
| प्यूठान | ६४२८ | २०८३ | ० | ८५११ | ३ |
| गुल्मी | ६०३४ | ४०५३ | ० | १००८७ | ६ |
| अर्घाखाँची | ३७१५ | १७०२ | ० | ५४१७ | ० |
| पाल्पा | ३२९७ | १५६८ | ० | ४८६५ | २७ |
| नवलपरासी (ब.सु.प.) | १३१८ | ३६१ | ० | १६७९ | ० |
| रुपन्देही | २७१२ | १०२५ | २ | ३७३९ | ० |
| कपिलवस्तु | १९३२ | १२४६ | ० | ३१७८ | ० |
| दाङ | ३९५८ | १५६५ | ० | ५५२३ | ० |
| बाँके | ३३८० | १२१४ | ० | ४५९४ | १ |
| बर्दिया | ११९३९ | ५७०३ | १ | १७६४३ | ० |
| जम्मा | ५३८२८ | २५३९० | ३ | ७९२२१ | ३९ |

*स्रोत: श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय ।*

### ६.३.२ वैदेशिक रोजगारी

लुम्बिनी प्रदेशबाट आर्थिक वर्ष २०८२/८३ को साउनदेखि पुस मसान्तसम्ममा जम्मा ७४ हजार ३ सय ३० जना वैदेशिक रोजगारीमा गएका छन् जुन कुल श्रम स्वीकृतिको १८.४९ प्रतिशत हो । जिल्लागत रूपमा सबैभन्दा धैरै रुपन्देही जिल्लाबाट ११ हजार ९ सय ७९ जना अर्थात् १६.१२ प्रतिशत र सबैभन्दा कम रुकुमपूर्व जिल्लाबाट १ हजार ९३ जना अर्थात् १.४७ प्रतिशत कामदार वैदेशिक रोजगारीमा गएका छन् (तालिका ६.३)।

**तालिका ६.३: जिल्लागत श्रम स्वीकृतिको विवरण (आ.व २०८२/८३ साउन-पुस)**

| जिल्ला | Total with ReEntry | Total without ReEntry |
|---|---|---|
| रुकुम पूर्व | १०९३ | ६३५ |
| रोल्पा | ४९९० | २७५४ |
| प्यूठान | ३६१४ | १७४५ |
| गुल्मी | ६४९८ | २६९६ |
| अर्घाखाँची | ५७१७ | ३०५५ |
| पाल्पा | ५७४३ | २३६२ |
| नवलपरासी (ब.सु.प.) | ५७०९ | २७६६ |
| रुपन्देही | ११९७९ | ६३३२ |
| कपिलवस्तु | ८३१६ | ४११७ |
| दाङ | ९३७० | ५२३७ |
| बाँके | ६०३१ | ३४१५ |
| बर्दिया | ५२७० | ३१२६ |
| **जम्मा (लुम्बिनी प्रदेश)** | **७४३३०** | **३८२४०** |
| नेपाल | ४०२०७४ | २०७३४१ |

*स्रोत: मासिक श्रम स्वीकृति विवरण २०८२/८३, वैदेशिक रोजगार विभाग।*

## ६.४ रोजगारी क्षेत्रका चुनौती र सम्भावना

### ६.४.१ चुनौती

- आन्तरिक रोजगारीका सीमित अवसरका कारण वैदेशिक रोजगारीमा जाने युवा जनशक्ति पलायन हुनबाट रोक्नु ।
- प्रदेशमा रहेका श्रमिकहरुको ज्ञान तथा सीप विकासगरी स्वरोजगारमुलक उद्यमहरुमा आवद्ध गर्नु ।
- लगानीकर्ताको मनोबल बढाई उद्योग तथा व्यवसाय सञ्चालन गर्न नीतिगत, कानुनी, प्रक्रियागत तथा संरचनागत सुधार गर्नु ।

### ६.४.२ सम्भावना:

- उद्यमशील युवाहरुलाई सरकारद्वारा विभिन्न सुविधा तथा सहुलियत प्रदान गर्न सकेमा नवप्रवर्तन तथा स्वरोजगारबाट रोजगारीको क्षेत्र विकास तथा विस्तार गर्न सकिने ।
- वैदेशिक रोजगारीबाट सीप सिकेका प्राविधिक जनशक्तिलाई उद्यमशीलतामा जोड्न ऋण तथा अन्य सुविधा उपलब्ध गराउने नीतिगत व्यवस्था गर्न सकेमा रोजगारी विस्तार हुने ।
- भैरहवा विशेष आर्थिक क्षेत्रको थप विकास गर्ने सरकारको नीति हुनु, उद्योगको भाडा तथा शुल्क कम गरिनुले थप उद्योगहरु स्थापनाका लागि दर्ता हुने क्रम बढेकाले यस प्रदेशमा थप रोजगारी बढ्ने ।

# परिच्छेद ७

# प्रादेशिक कार्यक्रम तथा योजना

## ७.१ कार्यक्रम तथा परियोजनाको कार्यान्वयन

### ७.१.१ लुम्बिनी प्रदेश सरकारको आर्थिक वर्ष २०८२/८३ को बजेट

**समृद्ध लुम्बिनी:** खुसी नागरिकको सोचलाई साकार पार्न लुम्बिनी प्रदेश सरकारले जारी गरेको आर्थिक वर्ष २०८२/८३ को बजेटमा उच्च, दिगो र फराकिलो आर्थिक वृद्धि हासिल गर्ने, उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धि गर्ने, स्वस्थ र दक्ष मानव पुँजीको निर्माण गर्ने, लगानीमैत्री वातावरण निर्माण गरी निजी क्षेत्रको लगानी वृद्धि गर्ने, स्रोत र साधनलाई सन्तुलित र समन्यायिक ढङ्गले परिचालन गरी आर्थिक असमानता र गरिबी न्यूनिकरण गर्ने, र गुणस्तरीय सार्वजनिक सेवा र सुशासन प्रवर्धन गर्ने उद्देश्यहरु रहेका छन् ।

बजेटका उद्देश्यहरु हासिल गर्न प्रदेश सरकारले रु.३८ अर्ब ९१ करोडको अनुमानित बजेट विनियोजन गरेको छ जुन गत वर्षको तुलनामा ०.१५ प्रतिशतले कम हो । कुल विनियोजित बजेटको चालु खर्च, पुँजीगत खर्च र वित्तीय हस्तान्तरणको हिस्सा क्रमशः ३०.८८ प्रतिशत, ६०.३२ प्रतिशत र ८.८० प्रतिशत रहेको छ ।

खर्चका स्रोतहरु मध्ये आन्तरिक राजस्वबाट रु.७ अर्ब ७८ करोड ०४ लाख, नेपाल सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँडबाट रु.११ अर्ब ८६ करोड ५६ लाख, नेपाल सरकारबाट प्राप्त हुने रोयल्टी रु.४१ करोड ५० लाख, स्थानीय तहबाट बाँडफाँड भई प्राप्त हुने राजस्व रु.२ अर्ब ८२ करोड ९० लाख हुने अनुमान रहेको छ । त्यसैगरी, नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट रु.८ अर्ब ४४ करोड ४४ लाख, सशर्त अनुदानबाट रु.४ अर्ब ८६ करोड १५ लाख, समपूरक अनुदानबाट रु.५१ करोड ४० लाख, विशेष अनुदानबाट रु.४० करोड एवम् आर्थिक वर्ष २०८१/८२ को नगद मौज्दातबाट रु.२ अर्ब परिचालन हुने अनुमान रहेको छ ।

### ७.१.२ लुम्बिनी प्रदेश सरकारको आर्थिक वर्ष २०८२/८३ को बजेट कार्यान्वयन स्थिति

आर्थिक वर्ष २०८२/८३ का लागि लुम्बिनी प्रदेश सरकारले कुल बजेट रु.३८ अर्ब ९१ करोड विनियोजन गरेकोमा प्रदेश लेखा नियन्त्रण कार्यालयका अनुसार २०८२ पुस मसान्तसम्ममा विनियोजनको २०.४६ प्रतिशत अर्थात् रु.७ अर्ब ९५ करोड ५५ लाख खर्च भएको छ । गत आर्थिक वर्षको सोही अवधिमा विनियोजित बजेटको १९.३४ प्रतिशत खर्च भएको थियो (तालिका ७.१)।

**तालिका ७.१: लुम्बिनी प्रदेश सरकारको वित्त स्थिति (रु. दश लाखमा)**

| शीर्षक | उप-शीर्षक | आ.व.२०८१/८२(साउन-पुस) | आ.व.२०८२/८३(साउन-पुस) | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|
| खर्च | चालु | ३४४४.६८ | ३७२१.४५ | ८.०३ |
| | पुँजीगत | ४०९१.३७ | ४२३४.०९ | ३.४९ |
| | वित्तीय | ०.०० | ०.०० | ०.०० |
| | **जम्मा** | **७५३८.०५** | **७९५५.५४** | **५.५७** |
| राजस्व | कर | ६०९४.९३ | ६५५५.२७ | ७.५५ |
| | गैरकर | ७९१.२८ | ९१७.२१ | १५.९१ |
| | अन्य | १२२.६५ | २५.६६ | -७९.०८ |
| | **जम्मा** | **७००८.८६** | **७४९८.१४** | **६.९८** |
| अनुदान तथा हस्तान्तरण | समानीकरण | ४१४३.२० | ४२२२.२० | १.९१ |
| | सशर्त | १३३९.२८ | १२११.३१ | -९.५६ |
| | विशेष | १८६.१५ | १००.०० | -४६.२८ |
| | समपुरक | १९८.९५ | १२८.५० | -३५.४१ |
| ऋण | आन्तरिक | ०.०० | ०.०० | ०.०० |
| | बाह्य | ०.०० | ०.०० | ०.०० |

*स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, लुम्बिनी प्रदेश*

आर्थिक वर्ष २०८२/८३ मा आन्तरिक स्रोत र राजस्व बाँडफाँडबाट कुल रु.२२ अर्ब ८९ करोड १ लाख राजस्व परिचालन हुने अनुमान गरेकोमा २०८२ पुस मसान्तसम्ममा कुल लक्षित राजस्वको ३२.७६ प्रतिशत मात्र परिचालन भएको छ । त्यसैगरी, आर्थिक वर्ष २०८२/८३ मा प्रदेश सरकारले संघीय सरकारबाट समानीकरण, समपूरक, विशेष र सशर्त गरी कुल रु. १४ अर्ब १ करोड ९९ लाख अनुदान प्राप्त गर्ने लक्ष्य रहेकोमा २०८२ पुस मसान्तसम्ममा लक्षको ४०.३९ प्रतिशत अनुदान प्राप्त गरेको छ (तालिका ७.१)।

## ७.२ स्थानीय तहको बजेटको प्रगति अवस्था

### खर्च

लुम्बिनी प्रदेशका १०९ वटा स्थानीय तहहरुमध्ये छनौटमा परेका ४ उप-महानगरपालिका र १ नगरपालिकाको समीक्षा अवधिमा एकीकृत कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १०.८० प्रतिशतले वृद्धि भई रु.२ अर्ब ७६ करोड १२ लाख रहेको छ । स्थानीय तहहरुको विश्लेषण गर्दा समीक्षा अवधिमा कुल अनुमानित खर्चको सबैभन्दा धेरै घोराही उप-महानगरपालिकाले २९.२५ प्रतिशत र सबैभन्दा कम बुटवल उप-महानगरपालिकाले १९.२४ प्रतिशत खर्च गरेका छन् (तालिका ७.२) ।

### राजस्व

छनौटमा परेका स्थानीय तहहरुमा समीक्षा अवधिमा कुल राजस्व सङ्कलन गत वर्षको सोही अवधिको तुलनामा २६.४२ प्रतिशतले कमि आई रु.९३ करोड ८७ लाख भएको छ । उक्त संकलित राजस्व रकम चालु आर्थिक वर्षको कुल राजस्व लक्ष्यको १८.५० प्रतिशत रहेको छ । स्थानीय तहहरुको विश्लेषण गर्दा समीक्षा अवधिमा आफ्नो अनुमानित लक्ष्यको सबैभन्दा धेरै घोराही उप-महानगरपालिकाले ३५.५० प्रतिशत र सबैभन्दा कम सिद्धार्थनगर नगरपालिकाले ४.३१ प्रतिशत राजस्व सङ्कलन गरेको छ (तालिका ७.२) ।

तालिका ७.२: स्थानीय तहहरुको खर्च र राजस्वको स्थिति (रु.दश लाखमा)

| स्थानीय तह | अनुमानित खर्च २०८२/८३ | वास्तविक खर्च २०८२ पुस मसान्त | वास्तविक खर्च (प्रतिशत) | अनुमानित राजस्व २०८२/८३ | वास्तविक राजस्व २०८२ पुस मसान्त | राजस्व सङ्कलन (प्रतिशत) |
|---|---|---|---|---|---|---|
| सिद्धार्थनगर नगरपालिका | १३७२.०० | ३०४.६४ | २२.२० | १६५५.०० | ७१.२६ | ४.३१ |
| बुटवल उप-महानगरपालिका | ३९८९.७२ | ७६७.६४ | १९.२४ | १३८२.७८ | २५७.०५ | १८.५९ |
| तुल्सीपुर उप-महानगरपालिका | २२२३.२८ | ५२८.८८ | २३.७९ | ९६७.५२ | २७२.८७ | २८.२० |
| घोराही उप-महानगरपालिका | २२४०.४६ | ६५५.३८ | २९.२५ | ४७८.४५ | १६९.८५ | ३५.५० |
| नेपालगञ्ज उप-महानगरपालिका | १८२७.९१ | ५०४.७२ | २७.६१ | ५९०.३५ | १६७.७० | २८.४१ |
| कुल खर्च रकम | ११६५३.३७ | २७६१.२६ | २३.६९ | ५०७४.१० | ९३८.७३ | १८.५० |

*स्रोत: छनौटमा परेका स्थानीय तहहरु*

**अनुदान तथा हस्तान्तरण**

छनौटमा परेका स्थानीय तहहरुको समीक्षा अवधिमा कुल अनुदान तथा हस्तान्तरण रकम गत वर्षको सोही अवधिको तुलनामा ८.८५ प्रतिशतले बृद्धि भई रु.२ अर्ब ५७ करोड १३ लाख रहेको छ । कुल अनुदान तथा हस्तान्तरण अन्तर्गत समानीकरण अनुदान र सशर्त अनुदानमा क्रमशः ३.५० प्रतिशत, १२.५७ प्रतिशतले बृद्धि भएको छ भने समपुरक अनुदान र विशेष अनुदानमा क्रमशः २९.३९ प्रतिशत र ८५.९३ प्रतिशतले ह्रास भएको छ (तालिका ७.३)।

**तालिका ७.३: स्थानीय तहहरुको एकीकृत अनुदान तथा हस्तान्तरण (रु.दश लाखमा)**

| उप-शीर्षक | आ.व. २०८१/८२ पुस मसान्तसम्म | आ.व. २०८२/८३ पुस मसान्तसम्म | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| समानीकरण | ७१३.९८ | ७३८.९४ | ३.५० |
| समपुरक | ३६.४१ | २५.७१ | -२९.३९ |
| विशेष | ८.०३ | १.१३ | -८५.९३ |
| सशर्त | १६०३.९० | १८०५.५५ | १२.५७ |
| कुल अनुदान तथा हस्तान्तरण | २३६२.३२ | २५७१.३३ | ८.८५ |

*स्रोतः छनौटमा परेका स्थानीय तहहरु*

# परिच्छेद ८
# आर्थिक परिदृष्य

प्रदेशका कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रका तथ्याङ्कदाता एवम् अन्य सरोकारवाला निकायहरुबाट आर्थिक परिदृश्यसम्बन्धी प्रश्नावलीमार्फत् प्राप्त प्रतिक्रिया तथा जानकारीका आधारमा चालु आर्थिक वर्षको बाँकी ६ महिनाको परिदृश्यको विश्लेषण गरिएको छ ।

## ८.१ कृषि क्षेत्र

१. नेपाल सरकारको कृषि विकास रणनीति (सन् २०१५-२०३५) तथा लुम्बिनी प्रदेशको १५ वर्षे कृषि विकास रणनीति (वि.सं.२०८१/८२-२०९५/९६) तर्जुमा भई कार्यान्वयनको चरणमा रहेकाले कृषि क्षेत्रमा बहुआयामिक परिवर्तन आई संरचनागत सुधार हुने देखिएकाले आगामी दिनमा कृषि उत्पादन वृद्धि हुने अनुमान गरिएको छ ।

२. वि.सं.२०७३/७४ देखि १० वर्षको लागि सुरु भएको प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना (हाल राष्ट्रिय कृषि आधुनिकिकरण परियोजना) अन्तर्गत लुम्बिनी प्रदेशमा सुपरजोन र जोन कार्यक्रमहरु सञ्चालन भईरहेको हुनाले अन्नबाली, फलफूल, माछामासु तथा तरकारीको उत्पादन थप बढ्न सक्ने अनुमान गरिएको छ ।

३. लुम्बिनी प्रदेश सरकारले उच्च मूल्यका तरकारी, फलफूल, उखु, मौरी, पुष्प, च्याउ, कफी लगायतका उत्पादन र उत्पादकत्व वृद्धि कार्यक्रम सञ्चालन गर्न बजेट व्यवस्था गरेको तथा हिउँदे वर्षा राम्रो भएको हुनाले गहुँ लगायत हिउँदे बालीको उत्पादन र बेमौसमी तरकारीको उत्पादन बढ्ने अनुमान रहेको छ ।

४. निजी जग्गामा वृक्षारोपणबाट वन उत्पादनमा वृद्धि भईरहेको तथा वन सम्वर्द्धन प्रणाली कार्यान्वयनमा आएकोले वनको अवस्थामा सुधार आउनुका साथै वनक्षेत्रको उत्पादन करिब ३० प्रतिशत बढ्ने देखिन्छ ।

५. लुम्बिनी प्रदेश सरकारले हुलाकी मार्ग लक्षित भैंसीपालन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरेको हुनाले मासु र दुग्धजन्य उत्पादन वृद्धि हुने अनुमान रहेको छ ।

## ८.२ औद्योगिक क्षेत्र

१. भैरहवामा स्थापना भएको विशेष आर्थिक क्षेत्र (SEZ) सञ्चालनमा आएको र रुपन्देहीको मोतिपुर, दाङको लक्ष्मीपुर र बाँकेको नौवस्ता औद्योगिक क्षेत्र निर्माणको चरणमा रहेको हुनाले आगामी वर्षहरुमा थप उद्योगहरु स्थापना भई औद्योगिक उत्पादन बढ्ने तथा थप रोजगारी समेत सृजना हुने अनुमान रहेको छ ।

२. प्रतिनिधिसभाको निर्वाचन पश्चात् गठन भएको बहुमतको सरकारले औद्योगिक क्षेत्रको विकासमा देखाएको तदारुकताले उद्योगीहरुको मनोबल बढेको हुँदा आगामी दिनमा थप लगानी बढ्ने अनुमान रहेको छ ।

३. २०८२ पुस मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाहरुबाट यस प्रदेशको उद्योग क्षेत्रमा प्रवाह भएको कर्जा अघिल्लो वर्षको तुलनामा २.४४ प्रतिशतले मात्र वृद्धि भएको देखिएतापनि अर्थतन्त्रमा रहेको अधिक तरलता र कर्जाको न्यून व्याजदरका कारण उद्योग क्षेत्रमा कर्जा विस्तार हुने अनुमान गरिएको छ ।

४. राजनीतिक स्थिरताको वातावरण निर्माण भएकाले पूर्वाधार तथा निर्माण क्षेत्रमा लगानी विस्तार भई यस प्रदेशका विभिन्न स्थानमा रहेका छड तथा सिमेन्ट र चुनढुङ्गा खानी लगायतका उद्योगहरु पूर्ण क्षमतामा सञ्चालन हुने अनुमान रहेतापनि मध्यपूर्वमा उत्पन्न तनाबको समाधान नभएमा औद्योगिक कच्चा पदार्थ तथा पेट्रोलियम पदार्थको आपूर्ति असहज भई औद्योगिक उत्पादनसँगै रोजगारीमा समेत असर गर्ने देखिन्छ ।

## ८.३ सेवा क्षेत्र

१. गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा सरकारले चासो देखाएकाले अगामी दिनमा अन्तर्राष्ट्रिय उडान नियमित भई होटल, रेस्टुरेन्ट, ट्राभल एण्ड टुर्स व्यवसाय वृद्धि हुने अनुमान रहेको छ ।

२. प्रदेश सरकारले पर्यटन प्रवर्द्धनका विभिन्न कार्यक्रम घोषणा गरेको, निजी क्षेत्रले होटल, यातायात लगायतका क्षेत्रमा उल्लेख्य लगानी गरेको सन्दर्भमा पर्यटकहरुको आवागमनमा वृद्धि भई विदेशी मुद्रा आर्जनमा समेत सुधार हुने अनुमान छ ।
३. यस प्रदेशमा रहेका रुरु क्षेत्र, स्वर्गद्वारी धाम, सुपादेउराली मन्दिर लगायतका धार्मिक स्थलहरु एवम् राष्ट्रिय निकुञ्जमा जाने सडकहरु तथा उक्त क्षेत्रका होटल, रेष्टुरेन्टहरुको स्तरोन्नती हुनुको साथै केबलकारहरु समेत सञ्चालनमा आउनाले आन्तरिक तथा भारतीय पर्यटकहरुको आगमनमा वृद्धि हुने अनुमान छ ।
४. भैरहवा/बुटवल तथा नेपालगञ्ज लगायतका भारतीय सिमावर्ती क्षेत्रमा क्यासिनो खुल्ने क्रम बढेकोले भारतीय पर्यटकको आवागमनमा वृद्धि हुने अनुमान छ ।
५. यस प्रदेशमा सञ्चालनमा रहेका विद्यार्थी सङ्ख्याका आधारमा नेपालकै ठूला विद्यालयहरुको शैक्षिक गुणस्तर राम्रो भएकोले विद्यार्थीहरुको चाप बढ्दै गएकाले आगामी दिनमा शिक्षा सेवाको गतिविधि थप वृद्धि हुने अनुमान छ ।
६. यस प्रदेशमा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरिरहेका विभिन्न मेडिकल कलेजहरु तथा आँखा अस्पतालहरुमा स्वास्थ्य सेवाका लागि देशभित्र र बाहिरबाट समेत बिरामी आउने क्रम बढ्दो रहेको र लुम्बिनी प्रदेशको गौरवको आयोजना लुम्बिनी प्रादेशिक अस्पताल निर्माण सम्पन्न हुने क्रममा रहेकाले आगामी दिनमा स्वास्थ्य सेवाको गतिविधि बढ्ने अनुमान छ ।

## ८.४ पूर्वाधार क्षेत्र

१. महेन्द्र राजमार्ग अन्तर्गतको बुटवल-गोरुसिङ्गे सडक खण्डको विस्तारको काम सुरु भएको र नारायणघाट-बुटवल खण्डको सडक विस्तार तथा सिद्धबाबा सुरुङ मार्ग, कालिगण्डकी कोरिडोर, हुलाकी राजमार्ग, मदन भण्डारी राजमार्ग, मध्यपहाडी लोकमार्ग लगायत ठूला सडक आयोजनाहरुको निर्माण कार्य अन्तिम चरणमा रहेकाले आगामी दिनमा गुणस्तरीय सडक सञ्जाल विस्तार हुने अनुमान छ ।
२. सिक्टा सिँचाइआयोजना तथा भेरी बबई डाइभर्सन आयोजना निर्माण सम्पन्न भएमा खेतीयोग्य भूमिमा सिँचाइसुविधा विस्तार हुने अनुमान छ ।
३. रुपन्देहीमा निजी लगानीमा Extratech Oval International Cricket Stadium निर्माण भईरहेको तथा रुपन्देही, दाङ, बाँके जस्ता स्थानहरुमा खेलकुद पूर्वाधार निर्माण भईरहेकोले खेल पर्यटनको क्षेत्रको विस्तार हुने अनुमान छ ।